जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २६ • २०८० साल जेठ ३२ गते बिहीबार (15 June, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-



# अवैध बजारमा भारु भन्दा नेपाली महँगो

## नेपालमा भारु रुपैयाँको लेनदेन ठप्प, कारण अज्ञात

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा भारतीय रुपैया(भारु)को लेनदेन ठप्प हुन थालेको छ। केही महिना पूर्व महँगो रहेको भारुको मूल्य क्रमिक रुपमा घटेको छ।


अवैध बजारमा भारु निकै कमजोर भएको व्यवसायीहरु बताउँछन् । बजारमा २ हजार र ५ सय दरको नोट लेनदेन प्रायः बन्द नै भइसकेको छ । अन्य दरका भारु लिन पनि व्यवसायीहरुले अस्वीकार गर्न थालेका छन् ।

नेपाली पेट्रोलपम्पलगायतका कतिपय व्यवसायिक प्रतिष्ठानहरुमा भारु नलिने सूचना नै टाँस गरिएको छ।

नेपाल पेट्रोलियम पदार्थ ढुवानी व्यवसायी महासंघ जनकपुरधामका अध्यक्ष किसुनदेव साहले बजारमा भारुको अवमूल्यन हुन थालेकाले लेनदेन बन्द गरिएको बताए।

'मूल्यमा स्थिरता नरहेकाले भारुको कारोबारमा कमी आएको छ 'उनले भने, पेट्रोलपम्पहरुमा भारुको कारोबार पूर्ण रुपमा नै बन्द भएको छ।

नेपालमा अहिले भारु फालाफाल रहेको उल्लेख गर्दै एकजना व्यवसायीले भने, साना दरको नोट लिए पनि ठूला दरको नोट ठप्प नै भएको छ।




भारतीय रिजर्व बैंकले गत महिना सार्वजनिक सूचना जारी गर्दै अक्टोबर मसान्तसम्म दुई हजार दरको भारु बैंकमा साट्न भनेको छ । एक जनाले दैनिक अधिकतम् १० वटा दुई हजार दरको नोट मात्र बैंकमा सटही गर्ने व्यवस्था गरिएको छ।

नेपालमा राष्ट्र बैंकले भारु १ सय दरको नोटलाई मात्र मान्यता दिएको छ। १ सय भन्दा बढी दरको भारु नोटलाई नेपालमा अवैध मानिएको छ। नेपालीहरुले संञ्चित गरेको २ हजार र ५ सय भारु नोट धमाधम साट्न थालेका छन् ।

भारतीय सीमावर्ती बजारमा १ सय ५० देखि १ सय ५५ रुपैयाँमा १ सय भारु पाइन्छ। सीमा क्षेत्रमा रहेका व्यवसायीहरुले नेपाली रुपैयाँमा कारोबार गर्न बढी उत्सुक देखिएका छन् । नेपाली रुपैयाँमा सामान खरिद गर्दा भारु १ सय मूल्यको सामान नेपाली १ सय ५० देखि १ सय ५५ रुपैयाँमा दिने गरेका छन् ।

नेपालमा १ सय भारुको कारोबार नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विनिमय दरमै भइरहेको छ । तर अन्य नोटको अवस्था दयनीय रहेको छ। २ हजार र ५ सयको भारु नोट चलाउन नेपालीहरु सीमाक्षेत्रका आफन्त अथवा तस्करहरुसित सम्पर्क बढाउन थालेका छन् ।

भारु कमजोर हुनुको यथार्थ कारण भने कुनै व्यवसायीले बताउन चाहँदैनन् । सुन तस्कर र हुण्डी कारोबारीहरुले धन्धाबाट हात झिकिसकेको बताउँछन् । उनीहरुले पनि भारतीय मुद्रा नेपाली मुद्रासित कमजोर हुनुको कारण यकिन गर्न सकेका छैनन् ।

सीमावर्ती भारतीय बजारमा नेपाली रुपैयाँ बलियो रहे पनि त्यो भने फेरि नेपालमै फर्किने गरेको छ। नेपालमा १ सय भारु मात्र वैध रहेको छ। भारतमा नेपाली मुद्रालाई वैधता छैन् । सीमावर्ती भारतीय बजारमा कारोबार हुने नेपाली रुपैयाँ पुनःअवैध मार्गबाट नेपाल भित्रिने गरेको छ।

तस्करी मार्गबाट नेपाल आउने नेपाली रुपैयाँ कहिले काहीँ प्रहरीले बरामद समेत गर्छन्। त्यस्ता रुपैयाँको प्रहरीले स्रोत खोज्ने गरेकोछ । भारु कमजोर भए पनि आम नेपालीलाई त्यसबाट खासै लाभ भने भइरहेको छैन् । खुद्रा भारु लिनेहरुलाई बैंकको विनिमय दर अनुसार नै नेपाली दिनु परिरहेको छ।

भारु कमजोर हुनुको कारणबारे व्यवसायीहरुले अनभिज्ञता प्रकट गर्छन् । कतिपयले नेपाली बजारबाट भारततर्फ तस्करी हुने क्रम बढेको हुनसक्ने बताए। उनीहरुले नेपाली बजारमा भारतीय मुद्रा आवश्यकता भन्दा धेरै बढी रहेको दाबी गरेका छन् ।

नेपाल राष्ट्र बैंकले यस सम्बन्धमा सीमावर्ती क्षेत्रमा अनुसन्धान गरिरहेको छ। अधिकारीहरुले अनुसन्धान भइरहेको बताए पनि त्यसको प्रतिवेदन सार्वजनिक भइ नसकेको बताए।









# प्रस्तावित प्रधानन्यायाधीशविरुद्धका उजुरीकर्तासँग छलफल

काठमाण्डु । संसदीय सुनुवाइ समितिमा प्रधानन्यायाधीशविरुद्ध उजुरी दिने उजुरीकर्तासँग छलफल सुरुभएको छ।समितिको बुधबारको बैठकमा प्रधानन्यायाधीशबिरुद्ध २९ जनाले उजुरी दिएकामा २३ उजुरीकर्ता सहभागी भएका छन् । ज्येष्ठ सदस्यका रूपमा बैठकको सभापतित्व गर्नुभएका पशुपतिशम्शेर जबराले उजरीको गम्भीर्यता हेरी पहिले सामान्य प्रकृतिका उजरीमाथि छलफल अगाडि बढाउने जानकारी दिनुभयो।

यस अघि बैठकमा समिति सदस्य सांसद जर्नादन शर्मा 'प्रभाकर' ले उजुरीहरू फरक-फरक खालका भएका कारण सबै उजुरीलाई एकै ठाउँमा राखेर छलफल गर्नुभन्दा उस्तै प्रकृतिका उजुरीलाई एकै ठाउँमा राखेर छलफल गर्नुपर्नेमा जोड दिनुभएको थियो । सांसद महेश बर्तौलाले उजुरीहरू अनुमान गरेअनुसार नै आएको बताउँदै आवश्यकता र विषयको गहनता हेरेर मात्रै छलफल अघि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । कतिपय उजुरीहरू राजनीतिक प्रकृतिका भएका कारण ती उजुरीलाई फरक-फरक ढङ्गले छलफल गर्नुपर्ने उहाँको भनाइ थियो।

अर्का सांसद रमेशजङ्ग रायमाझीले भन्नुभयो, "कुन विषयलाई गहन भन्ने कुन विषयलाई सामान्य भन्ने ? सबैले गहन विषय भएरै उजुरी दिएको हुनुपर्छ, त्यसैले सबैभन्दा पहिला उजुरीकर्ताको उजुरी सुनौँ, अनि छलफल अगाडि बढाऔँ ।" रासस

# बालबालिका अपहरणमा संलग्न देवलाई तीन वर्ष कैद

सप्तरी । दुई बालिकालाई अपहरण गरेको अभियोगमा राजविराज नगरपालिका-२ घर भई हाल सुनसरीको कोशी गाउँपालिका बस्दै आएका ३६ वर्षीय नवीनप्रसाद देवलाई तीन वर्ष कैद सजाय भएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले देवलाई तीन वर्ष कैद सजायका साथै रु ३० हजार जरिवाना तिराउने फैसला गरेको हो । देवले पीडितलाई रु ५० हजार क्षतिपूर्ति दिनुपर्ने र रु एक हजार दुई सय फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने गरी फैसला भएको अदालतले जनाएको छ।

स्रेस्तेदार कुमार मास्केका अनुसार देवलाई १५ वर्षीया दुई बालिकालाई असार ११ गते अपहरण



गरी शरीर बन्धक बनाएको अभियोगमा सजाय भएको हो । राजविराज नगरपालिका-८ स्थित रुपनी सडक खण्डमा देवले दुई बालिकालाई ललाईफकाई प्रलोभनमा पारी अपहरण गरी बन्धकबनाई राखेका थिए । बालिकाहरू भागी अपहरण मुक्त भएपछि पीडितहरूकी आमाहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुभएको थियो । सप्तरीमा ढिलो गरी उजुरी दर्ता हुँदा अभियुक्त देव अभद्र व्यवहार कसुरमा जिल्ला प्रहरी कार्यालय मोरङमा पक्राउ परिसकेका थिए । मोरङको विराटनगरबाट देवलाई साउन १३ गते सप्तरी ल्याएर कारबाही थालिएको थियो । जिल्ला न्यायाधीश श्यामविहारी मौर्यको आदेशमा देव भदौ ८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । यसअघि देव राजविराज -२ की १४ वर्षीया बालिकाको अपहरण घटनामा पक्राउ परेका थिए। झुक्यानमा पारी ०७८ साल जेठ २० गते मोटरसाइकलबाट अपहरण गरी लैजाने क्रममा राजविराजदेखि नौ किलोमिटर दक्षिण रूपनीबजार नजिक देव पक्राउ परेका थिए। बालिकालाई मोटरसाइकलमा लैजाँदै गरेको अवस्थामा पक्राउ परेका देव ०७८ साल असार १५ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा परेका थिए।

सो घटनामा पीडित पक्ष नै 'होस्टाइल' भएपछि देवले सफाइ पाएको प्रहरीले जनायो। यसअघि विभिन्न फौजदारी अपराधमा मुद्दा चले पनि प्रमाण अभाव, पीडित पक्ष होस्टाइल र अनुपस्थित हुने कारणले देवले सफाइ पाउँदै आएका थिए। रासस

# पूर्वाधार विकास समितिका आन्तरिक कार्यविधि पारित, विषयगत छलफल अघि बढ्ने

काठमाण्डु । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले आन्तरिक कार्यविधि सर्वसम्मतिले पारित गरेको छ।

समितिको बुधबारको बैठकले आन्तरिक कार्यविधि सर्वसम्मतिले पारित गरेको सभापतित्व गर्नुभएका ज्येष्ठ सदस्य लालवीर चौधरीले जानकारी दिनुभयो । बैठकमा सांसदहरूले आर्थिक वर्षको अन्त्य भइसकेकाले विषयगत छलफललाई तीव्रता दिन माग गर्नुभएको थियो।

सांसदशङ्करभण्डारीलेअलपत्र परेका विकासका आयोजनाका कारण खोजी गरी निष्कर्षमा पुग्नुपर्ने बताउनुभयो । सडक, ठूला खानेपानी आयोजना लामो समयदेखि अलपत्र परेकाले समितिले सरोकार भएकासँग छलफल गरी आइपरेका समस्या समाधानका लागि पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभएको हो।

निर्माण व्यवसायीलाई रु ८० अर्ब दिन बाँकी छ भनी प्रचारप्रसार भइरहेकाले त्यस विषयमा समेत समितिले खोजी गरी सहजीकरण गर्नुपर्ने सांसद भण्डारीको भनाइ थियो । अदालतको ढिलासुस्तीले संविधानप्रदत्त मौलिक हक कार्यान्वयनमा बाधा पुगेकाले यसतर्फ सरोकार भएका निकायको ध्यान जानुपर्ने उहाँको भनाइ थियो।

बैठकमा सांसदहरू प्रतिमा गौतम, डा चन्द्रकान्त राउत, गोकर्णराज विष्ट, दयालबहादुर शाही, वसन्तकुमार नेम्वाङलगायतले कार्यक्षेत्रका विषयमा प्रवेश गरी छलफललाई तीव्रता दिन माग गर्नुभएको थियो । आन्तरिक कार्यविधिमै अल्झेर बस्दा बजेटमा छलफल गर्न ढिलाइ भएको उहाँहरूको भनाइ थियो।

सांसदहरूले वर्षौंअघि ठेक्का भएका पुलका काम अघि नबढेको भन्दै पर्यटकीय सहर पोखरा जाने तनहुँको सडकलगायतको काम छिटो गरिनुपर्नेमा उहाँहरूले जोड दिनुभएको थियो ।रासस

# नेपाल र युएईबीच श्रम सम्झौता नवीकरण, घरेलु कामदारमा लैजान युएई इच्छुक

काठमाण्डु । नेपाल सरकार र संयुक्त अरब इमिरेट्स (युएई) सरकारबीच श्रम सम्झौता नवीकरण भएको छ । बुधबार यहाँ नेपाल र युएई सरकारबीच सन् २०१९ जुन १४ मा सम्पन्न द्विपक्षीय श्रम समझदारीबमोजिमको संयुक्त कार्यसमितिको तेस्रो बैठकले आगामी चार वर्षका लागि स्वतः नवीकरण हुने समझदारी भएको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा सम्पन्न उक्त बैठकमा युएई सरकारका तर्फबाट अब्दुल्ला अलनुइमीले नेपालबाट घरेलु कामदार लैजान इच्छुक रहेको बताउँदै सोको प्रक्रिया अगाडि बढाउन अनुरोध गर्नुभएको थियो।

बैठकमा नेपाल सरकारका तर्फबाट नेपाली श्रमिकलाई युएईमा न्यूनतम तलबको सुनिश्चितता, मृत्यु हुने नेपाली श्रमिकको शव सहजरूपमा नेपाल ल्याउने व्यवस्था र जेल तथा कैदमा रहेका नेपाली श्रमिकको विवरणका विषयमा प्रस्ताव राखिएको थियो।

नेपालका तर्फबाट समितिमा भाग लिने कार्यदलको नेतृत्व गर्नुभएका मन्त्रालयका सहसचिव राजिव पोखरेलले द्विपक्षीय समझदारीको पुनरावलोकनका साथै नेपाल सरकारको श्रम तथा वैदेशिक रोजगारसम्बन्धी पछिल्ला कानूनको जानकारी दिनुभएको थियो। उहाँले नेपाली श्रमिकको विवरण तथा अलेखबद्धरूपमा युएईमा रहेका नेपाली श्रमिकलाई आममाफीसहित नेपाल फिर्तीमा सहजीकरणका विषयमाथि छलफलको प्रस्ताव राख्नुभएको थियो।

नेपाली श्रमिकको सीप स्तरोन्नतिका लागि द्विपक्षीय सहकार्य, स्वच्छ तथा मर्यादित भर्ना प्रक्रियाजस्ता विषयमाथि छलफल भएको मन्त्रालयका उपसचिव कविराज उप्रेतीले जानकारी दिनुभयो।

बैठकमा युएई सरकारका तर्फबाट नेतृत्व गर्नुभएका सहायक उपसचिव अब्दुल्ला अलनुइमीले नेपाल सरकारका तर्फबाट राखिएका प्रस्ताव सम्बोधन गर्न युएईको श्रम बजारको अवस्था चित्रण गर्दै आफ्नो कार्यदल र मानव संसाधन र प्रवासी मन्त्रालय सकारात्मक रहेको धारणा राख्नुभयो। रासस

# प्रतिकूल मौसमले हवाई उडान प्रभावित

काठमाण्डु । प्रतिकूल मौसमका कारण मुलुकको आन्तरिक हवाई उडान प्रभावित भएको छ।

मौसम बदलीका कारण भिजिबिलिटी कमजोर हुँदा देशका विभिन्न गन्तव्यको उडान प्रभावित भएको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल कार्यालयका अनुसार अहिले विराटनगर, जनकपुर, सिमरा, पोखरालगायतको विमानस्थलको उडान रद्द गरिएको छ।

काठमाडौँबाट सिमराका लागि आज साँझ तय गरिएका दुई उडान रद्द गरिएको छ भने विराटनगरबाट काठमाडौँ उडेको बुद्ध एयरको जहाज उतै फर्किएको छ । धनगढीबाट काठमाडौँ आएका जहाज पनि लामोसमयको होल्डपछि काठमाडौँ विमानस्थलमा अवतरण गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडान प्रभावित रहे पनि अन्तर्राष्ट्रिय उडान नियमित भइरहेको विमानस्थल कार्यालयले जनाएको छ।

यस वर्षको मनसुन प्रणाली आज नेपालको कोशी प्रदेश, पूर्वी मधेश प्रदेश, बागमती प्रदेशका अधिकांश भू-भागमा आगमन भएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । जसका कारण काठमाडौँमा साँझपखदेखि अहिले पनि निरन्तर हल्कादेखि मध्यम वर्षा भइरहेको छ। काठमाडौँको आकाश पूर्ण बदली रहेको छ। रासस

# अध्यादेशबाटै बजेट ल्याउने एमालेको संकेत, विपक्षीको विरोध



**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेश सरकारले अध्यादेशबाटै बजेट ल्याउने संकेत गरेको छ । कोशी प्रदेशसभामा दलहरुको तर्फबाट सम्बोधन गर्ने क्रममा नेकपा एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले यस्तो संकेत गरेका हुन्।

उनले सरकारले आजै प्रस्तुत गरेको नीति तथा कार्यक्रम पास नहुने आशङ्का बढेकोले बजेट ल्याउने विषयमा अर्को बाटो अपनाउन सक्ने बताए। 'बहुमत स्थापित गर्न सकिन्छ भने संसदबाट बजेट ल्याइन्छ । होइन भने अर्को बाटोबाट भएपनि ल्याइन्छ। अब नीति तथा कार्यक्रम पारित नहुने आशङ्का उत्पन्न भयो,' भण्डारीले भने । उनले रोष्टममा आएर आजै विश्वासको मत लिन भन्नु अपेक्षा विपरीत रहेको पनि बताए।

मुख्यमन्त्रीले आज राजीनामा दिएको खण्डमा अर्को सरकार गठन भएर संवैधानिक व्यवस्थाअनुसार असार १ गते बजेट ल्याउन सम्भव नहुने उनको जिकिर छ।

यसअघि विपक्षी सांसदले आजै विश्वासको मत लिएर मात्रै वर्तमान सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्नेमा जोड दिएका थिए । भण्डारीले अध्यादेशबाट बजेट ल्याउँदा असंवैधानिक नहुने भन्दै संवैधानिक बाटोबाटै बजेट आउने बताए।

प्रदेशसभामा सम्बोधन गर्दै विपक्षी दल काँग्रेसका सांसद केदार कार्कीले भने सरकारले आफू अल्पमतमा रहेको बेला प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेर संसद र प्रदेश प्रमुखको अपमान गरेको बताए।

'सरकारले समर्थन गुमाइसकेको छ। त्यसैले, प्रदेश प्रमुखलाई ल्याएर वाचन गर्न लगाउनु संसदको, प्रदेश प्रमुखको अपमान भयो। कार्कीले भने, 'बजेट अधिवेशनलाई अन्त्य गर्ने अरे । बजेट नल्याई बजेट अधिवेशन कसरी अन्त्य हुन्छ ?,' विश्वासको मत लिन अझै समय भएको उनको भनाई थियो।

'बिहीबार विश्वासको मत लिएर पर्सि बजेट ल्याउने समय छ । दिउँसो मात्रै नभएर राती पनि जनताको विषयमा छलफल गरौंला, बहस गरौंला, बजेट ल्याउन पनि असार १ गते राती १२ बजेसम्मको समय छ । मुख्यमन्त्रीलाई म भन्छु हिम्मत गर्नुहोस् । हिम्मत नै छैन भने छोडिदिनुहोस्।' कार्कीले अगाडि भने। उनले सभामुखबाट विश्वासको मत लिन सरकारलाई रुलिङ गर्नुपर्ने जिकिर पनि गरे।

त्यस्तै, नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता राजेन्द्र राईले मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बजेटअघि विश्वासको मत लिनुपर्नेमा जोड दिए। 'प्रदेशसभामै बजेट ल्याउनु पर्छ, यो बाटो (अध्यादेश) को बाटोमा नजानु,' उनले आग्रह गरे।

माओवादी केन्द्रका सांसद गणेश उप्रेतीले पनि पहिले विश्वासको मत लिएर मात्रै अरु विषयमा छलफल गर्नुपर्नेमा जोड दिए । 'पहिले विश्वासको मत लिनुपर्थ्यो । त्यसपछि नियमित प्रक्रियामा जान सजिलो हुन्थ्यो,' उनले भने, 'कोशी प्रदेशले संवैधानिक प्रक्रियाभन्दा बाहिरबाट अभ्यास गरिरहेको छ भन्ने सन्देश देशैभरी गयो भने संघीयता विरोधीको मनोबल बढ्छ।' राप्रपाका सांसद अम्बर बहादुर विष्टले भने सरकारले ल्याएको नीति तथा कार्यक्रमको बचाउ गरे।

बुधबारको प्रदेशसभा बैठकले नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गर्ने प्रदेश प्रमुख पर्शुराम खापुङलाई धन्यवाद दिने प्रस्ताव पारित गरेको छ । प्रदेशसभाको अर्को बैठक बिहीबारको लागि तोकिएको छ।

# सामान बरामद

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी प्रहरीले भारतबाट भन्सार छली गरी ल्याउँदै गरेको ८३ हजार मूल्य बराबरको सामान बरामद गरेको छ।

बुधबार जिल्लाको विभिन्न स्थानबाट प्रहरी चौकीको टोलीले किरानाका सामान तथा चौपाया बरामद गरेको छ। प्रहरी टोलीलाई देखेपछि भरियाहरु भागेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

बरामद गरिएको सामानहरुलाई आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइएको जनाइएको छ।

# 'रगत अभावमा कोही मर्न नपरोस्'

काठमाण्डु । वर्षौंदेखि 'रक्तदान जीवनदान, रक्तदान महादान' भनेर प्रचार गरिए पनि अझै एक प्रतिशतले पनि रक्तदान गर्ने गरेको पाइँदैन । नेपालमा कूल जनसङ्ख्याको शून्य दशमलव ८ प्रतिशतले मात्र रक्तदान गर्ने गरेको पाइन्छ । त्यसमा पनि धेरैले नियमित रक्तदान गरेको पाइँदैन । रक्तदातामध्ये करिब १७ प्रतिशत महिला हुनुहुन्छ र पुरुष ८३ प्रतिशत रहेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार एउटा देशमा रगतको अभाव हुन नदिन कम्तीमा पनि दुई प्रतिशतले रक्तदान गर्नुपर्ने हुन्छ।

रक्तदान गर्दा दुर्वल वा कमजोर भइन्छ, अनेक रोग सर्छ र गरिरहेको काममा ह्रास आउँछ भन्ने गलत सोचका कारण पनि धेरैले रक्तदान गर्न योग्य व्यक्तिहरू हिच्किचाउने गर्दछन् । रक्तदान गर्नाले अरूको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्ति स्वयम्को शरीरसमेत स्वस्थ रहन्छ भन्ने जानकारीको अभाव रहेको छ । सामान्यतः १८ देखि ६० वर्षसम्म उमेर र ४५ किलोग्रामभन्दा बढी तौल भएका साथै सबै शारीरिक र हेमाटोलोजिकल मापदण्ड पूरा भएको तथा शरीरमा रगत न्यूनतम् तीन सय ५० मिलिलिटर भएका जो कोहीले पनि रक्तदान गर्न सक्दछन् । सामान्यतयाः एउटा व्यक्तिको शरीरमा छ लिटर (करिब दश युनिट) रगत उत्पादन हुन्छ । जबकि रक्तदानको समयमा भने एक युनिट अर्थात् चार सय ७० मिलिमिटर रगतमात्र निकाल्ने गरिन्छ । त्यो भनेको शरीरमा भएको सबै रगतको १२ देखि १४ प्रतिशतमात्र भएकाले रक्तदानका क्रममा त्यसरी रगत निकाल्दा रक्तदातालाई भने कुनै हानि गर्दैन । एउटा व्यक्तिको शरीरमा रगत निर्माण भएको एक सय २० दिनभित्र उक्त रगत स्वतः नष्ट हुने गर्छ । सोही रगत अरूलाई दान गर्दा व्यक्तिको शरीरमा छिटोछिटो रगतको उत्पादन हुने गर्दछ।

नेपाल स्वयम्सेवी रक्तदाता समाज अध्यक्ष प्रेमसागर कर्माचार्य स्वयम्सेवी रक्तदाताहरूले दानमा प्रदान गरिएको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरू पीडित बिरामीहरूसमक्ष गुणस्तरीय परीक्षणपश्चात् निःशुल्क उपलब्ध एवं वितरण नगरेसम्म व्यापार नै हुने बताउनुहुन्छ । सरकारले स्वयम्सेवी रक्तदाताहरूद्वारा दानमा प्रदान गरेको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरूमा गरिएको शुल्क निर्धारणले स्वयम्सेवी रक्तदाताहरूको मनोबलमा प्रतिकूल असर पुगेको उहाँको भनाइ छ।

देशका प्रमुख अस्पतालहरूमा जटिल रोगहरूको उपचार सम्भव एवम् सुविधामा आएको अभिवृद्धिका साथै दिनहुँ बढ्दै गइरहेको दुर्घटना तथा प्राकृतिक विपद् लगायतका कारणले रगतको मागमा अत्यधिक वृद्धि भइरहेको छ। चोटपटक लागेका बिरामी, दुर्घटनामा परेका व्यक्ति, आपत्कालीन एवम् प्रकोपका बेला, बच्चा र गम्भीर रक्तअल्पत्ता भएका वयस्कहरू, रक्तस्रावसँग सम्बन्धित बच्चाहरू, उन्नत शल्यप्रक्रियामा रहेका बिरामीहरू, गम्भीर रक्तअल्पता भएका गर्भवती आदिलाई रगत आवश्यक पर्दछ । सुरक्षित रगतले प्रत्येक वर्ष लाखौं मानिसको ज्यान बचाउन सकिन्छ।

पछिल्लो समय रगतको अभाव बढ्दै गएको छ । दैनिक रूपमा अस्पतालमा रगत खोज्ने बिरामीका आफन्तको सङ्ख्या बढ्दो छ । तर मागअनुसार आपूर्ति भने निकै कम छ । यसले गर्दा आम मानिसमा रगतको माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन । अहिलेसम्म जम्मा तीन लाख मानिसले मात्रै रक्तदान गरेका छन्।

काठमाडौँमा पाँच/छ सय पिन्ट रगतको माग हुने गर्दछ । शनिबार करिब ३०/४० वटा शिविरहरू सञ्चालदन हुने हुँदा धेरै परिणाममा रक्तदान हुने भएकाले त्यसले दुई/तीन दिनलाई पुगे पनि बाँकी दिन अभाव नै हुने गरेको ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) का केन्द्रीय अध्यक्ष सानुबाबु प्रजापति बताउनुहुन्छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# खानेपानी पाइपलाइनको काम सुरु

**टुडे समाचारदाता**

रौतहट रौतहटको उत्तरी भेग चन्द्रपुरमा खानेपानी पाइपलाइन विस्तार र अवरुद्ध पानी सूचारु गर्न खाडल खन्ने काम सुरु गरिएको छ।

बुधबारबाट देउराली चोकबाट दक्षिण पूर्व अवरुद्ध पानी सूचारु गर्न खाडल खन्ने सुरु गरिएको छ। नेपाली काङ्ग्रेसका चन्द्रपुरनगर सभापति मुकेश गिरीको पहल र चन्द्रपुर नगरपालिका प्रमुख संजय कुमार काफ्लेले पाइप उपल्बध गराउने प्रतिबद्धता गरे सँगै पाइप हाल्न खाडल खन्न सुरु गरिएको चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सचिव अवदेशहरी भट्राईले



जानकारी दिए। खाडल तयार भएसँगै शुक्रबार नै पाइप हाल्ने कार्य हुने सचिव भट्राईको भनाइ छ।

त्यस्तै,पैसा नतिरेका उपभोक्ताहरुलाई महसुल बुझाउन अनुरोध गरिएको छ। चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका नव निर्वाचित पदाधिकारी सहित टोलीले सो काम सूचारु गराएका छन्।

# चोरीको घटनामा वृद्धि

**आरके श्रीवास्तव**

रौतहट। रौतहटको चन्द्रपुरमा चोरीको घटनामा वृद्धि भएपछि स्थानीयवासी हैरान भएका छन्।

चन्द्रनिगाहपुर आसपासको वस्तिमा चोरीका घटना बढ्दै जान थालेको स्थानीयहरुले बताएका छन्।

रातिको समयमा घर घरबाट मोबाइललगायत सरसामान चोरी हुन थालेको छ। चोरी गर्ने गिरोह सक्रिय रहेको स्थानीयहरुको भनाइ छ।

गर्मीका बेला घरको झयाल खोलेर सुत्ने भएपछि त्यसको फाइदा उठाउँदै चोरहरुले लौरोको सहायतामा मोबाइल चोर्ने गरेको स्थानीयको गुनासो छ। गत सोमबार राति स्थानीयवासी विसाल तिवारीको सुतिरहेको बेला मोबाइल चोरी भएको थियो।

स्थानीयहरुले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले रातिको समयमा मोबाइल गस्तिलाई कडा पार्न माग गरेका छन्। इप्रका चन्द्रनिगाहपुरका डिएसपी एकनारायण कोइरालाले साना तिना चोरीका घटनामा संलग्न चोरहरुलाई प्रहरीले चाडै नियन्त्रणमा लिने बताएका छन्।

यस भेगमा पछिल्लो समय मोटरसाइकल र मोबाइल चोरीका घटनामा वृद्धि भएपछि स्थानीयवासी त्रसित छन्।

# अंग्रेजी माध्यममा पठनपाठन गर्न माग

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको एक विद्यालयको अभिभावक भेलाले सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुनुपर्ने माग गरेका छन्।

राजविराज नगरपालिकाको पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयमा राजनीति सङ्गठनमा लागेका शिक्षक मुक्त शिक्षा र अङ्ग्रेजी माध्यमको पठनपाठन यथाशीघ्र सञ्चालन गर्नुपर्ने माग गरिएको छ।




राजविराजको पहिलो पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको बुधबार सम्पन्न भेलामा नगरका विद्यालयहरूमा चाहिने सबै आवश्यकता पूर्ति गर्न नगरपालिका तयार रहेको राजविराज नगरपालिका शिक्षा शाखा संयोजक भोगेन्द्र यादवले बताए।

राज्यले अर्बौं लगानी रहेको सरकारी विद्यालयहरूको शिक्षाको स्तर खस्किँदै जानुमा शिक्षक, विद्यालय प्रशासन, विद्यार्थी र अभिभावक सबै पक्षबाट अनुशासनको पालना र आत्मसमीक्षा नगर्नु, आर्थिक पारदर्शिता हुने गरी तोकिएको समयमा सार्वजनिक सुनुवाइ, अभिभावक भेला, अतिरिक्त क्रियाकलाप नहुनु जस्ता कारण रहँदै आएको उनले बताए।

शिक्षा ऐन दफा १२ को उपदफा १ र २ भित्र रहेर आउँदो असार ८ गते विद्यालय व्यवस्थापन समिति गठन गर्ने यस भेलाको उद्देश्य रहेको पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहन मिश्रले जानकारी दिए। यस विद्यालयले कक्षा १२ सहित १८ महिनेदेखि तीन वर्षे प्राविधिक शिक्षा प्रदान गर्दै आएको छ। कक्षा १ देखि १२ कक्षासम्मको शैक्षिक उपलब्धि बारे कक्षा १-१२ सम्म एक हजार १५ र प्राविधिक तर्फको एक सय १ विद्यार्थी गरी एक हजार एक सय १६ विद्यार्थी अध्ययन गर्दै आएका छन्।

विद्यालयको भौतिक संरचना अन्तर्गत प्रदेश सरकारबाट दुई सय १५ मिटर बाउन्ड्रीवाल निर्माण गरेका छन् भने सेभ द चिल्ड्रेन,सेभ द सप्तरी, इपिसेन्टर रौतहटलगायतको सहयोगमा शौचालय, खानेपानी तथा विद्यालय पूर्व कक्षाको बसाइ व्यवस्थापनलगायतको काम भएको छ सहायक प्रधानाध्यापक किशोर कुमार चौधरीले बताए

# अधिवेशन सम्पन्न



**रञ्जन यादव**

कलैया। बारा जिल्ला फुटबल रेफ्री संघको प्रथम जिल्ला अधिवेशन सिमरामा सम्पन्न भएको छ।

अधिवेशनले रियाजुल ईस्लामको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ।

समितिको उपाध्यक्ष दधिर प्याकुरेल,महासचिव सियाराम कुवँर, कोषाध्यक्ष सानुमाया मगर रहेका छन्।

यसैगरी,समितिको सदस्यमा रोमन राम, रामअयोध्या चौधरी, सुदीप चौधरी, केदार ढकाल, निलकमल चौधरी, कुमार आचार्य र प्रवेशकुमार यादव चयन भएका छन्।

बारा जिल्ला फुटबल संघका अध्यक्ष रामचन्द्र लामाको अध्यक्षतामा भएको अधिवेशनमा मधेश प्रदेश कोषाध्यक्ष शम्भुसिंह ठकुरी, जिल्ला फुटबल संघका विनोद गुप्ता, रामकृष्ण श्रेष्ठ, घनश्याम चौधरी, शंकर थापालगायतको उपस्थिति रहेको थियो।

# 'मिस्टर एण्ड मिस मधेश' प्रतियोगिता हुने

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा पहिलो पटक मिस्टर एण्ड मिस मधेश प्रतियोगिताको आयोजना हुन लागेको छ।

वाइबी फिल्मसले मिस्टर एक मिस मधेश प्रतियोगिताको आयोजना गर्न लागेको बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

असार १५ गतेदेखि हुन आयोजना हुन लागेको यस प्रतियोगितामा दर्ताको लागि फारम वितरणसमेत शुरु भइसकेको छ। सम्मेलनमा वाइबी फिल्मसका अध्यक्ष रामएकवाल यादवले जनकपुरधाममा विगतमा पनि विभिन्न प्रकारको प्रतियोगिता भएको भए पनि यस पटकको आयोजनाले किशोर किशोरीहरुको मोडलिंग क्षेत्रमा क्षमता अभिवृद्धि,व्यक्तित्व विकास र आत्मविश्वास बढाउने विश्वास व्यक्त गरे।




मधेश प्रदेको रीतिरिवाज,चालचलन,संस्कृति तथा सम्पदाहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले समेत प्रतियोगिताको आयोजना गर्न लागिएको उनले बताए।

यस प्रकारको कार्यक्रम तराइ मधेशको लागि केही नयाँ भए पनि नेपालै अन्य स्थान र विश्वका विभिन्न मुलुकमा भने लोकप्रीय र प्रतिष्ठित कार्यक्रमको रुपमा लिने गरेकोले मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा सहभागी हुन सक्ने दक्षताका लागि प्रतियोगिताले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको विश्वास थियो।

'प्रतियोगिता २० दिनसम्म चल्नेछ भने प्रतियोगितामा ५० जना सहभागीहरुलाई छनोट गरी राखिनेछ।'उनले प्रष्ट पारे। सो मध्ये २५ जना महिला र २५ जना पुरुष सहभागी हुने उनले जनाए।

२० दिन सम्म सहभागीहरुलाई र्‍याम्प ध्वपि,अन्तर्राष्ट्रिय स्तरको ग्रुमिंगसेसन,व्यक्तित्व तथा आत्मविश्वास विकास तथा प्रवर्द्धन,फेसन स्टालिंग,सार्वजनिक भाषण कला विकासलगायतको विषयमा प्रशिक्षण दिइने उनले जानकारी दिए। प्रतियोगिताको विजेताहरुलाई १ लाख नगद तथा विभिन्न भ्रमणका प्याकेजहरु पुरस्कार दिइने छ।

# मंगलम् डाइगोनेष्टिक ल्याब संचालन




**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा अत्याधुनिक उपकरणसहितको मंगलम् डाइगोनेष्टिक ल्याब संचालनमा आएको छ। बुधबार जनकपुरधामको अस्पताल सडक खण्डमा रहेको डाइगोनेष्टिक ल्याबको भवनमा आयोजित समारोहबीच जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले हिन्दु परम्परा अनुसार मन्त्रोचारणका बीच उद्घाटन गरेका छन्।

धार्मिक परम्परा अनुसार बुधबार नै ल्याबको उद्घाटन भए पनि बिहीबारदेखि संचालनमा आउने संचालक डा.अमरनाथ ठाकुरले जानकारी दिए।

प्याथोलोजी क्षेत्रमा विगत २७ वर्षदेखि देशको विभिन्न स्थानमा सेवा दिँदै आएको बताउँदै डा.अमरनाथ ठाकुरले भने,'म विगत लामोसमयदेखि वीरगञ्ज मेडिकल कलेजमा कार्यरत रहँदा मंगलम् डाइगोनेष्टिक ल्याब संचालन गरी वीरगञ्जमा सेवा दिँदै गर्दा महन्त रामतपेश्वरजीको विशेष आग्रहमा ल्याब संचालनमा ल्याएको छु।'

जलेश्वर घर भएका डा. ठाकुरले आफ्नो जन्मभूमिमा जनसेवा गर्ने उत्कट ईच्छाले जनकपुरधाममा ल्याब संचालनमा ल्याएको बताए। उनले ल्याब निर्माणमा तीन करोडको लगानी खर्च भएको बताउँदै एक दुई वटा टेष्ट बाहेक सम्पूर्ण टेष्ट (चेकजाँच) यहाँ नै सुलभ दरमा उपलब्ध गराउने दाबी गरे।

अल्पकालीन र दीर्घकालीन विभिन्न रोगमा गरिने चेकजाँचका लागि आउने विपन्न,असहाय र संचारकर्मी समाजसेवीहरुको सल्लाहमा पैसाको अभावमा उपचार नै गराउन नसक्नेहरुका लागि विशेष छुट तथा विपन्नलाई निःशुल्क चेकजाँचसमेत उनले बताए।

# तरकारी खेती तालिम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थामा संगठित महिला समूहका तीन दर्जन महिलाहरुलाई तरकारी खेती तालिम सम्पन्न भएको छ। कृषि तथा सहकारी मन्त्रालयको महिला शसक्तिकरण कार्यक्रम अन्तरगत कुर्था स्थित सोनार धर्मशालाको सभाकक्षमा शनिबारदेखि शुरु भएको सो तालिम बुधबार सम्पन्न भएको छ।

कार्यक्रममा तालिममा सहभागी महिलाहरुले करेसा बारीमा भए पनि तरकारी खेती गरी आर्थिक समृद्धि तर्फ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेकी छन्। कार्यक्रममा सहभागी जनप्रतिनिधिहरुले तालिममा सहभागी महिलाहरुलाई सिकेर गएपछि यसलाई व्यवहारमा उतार्नुपर्ने र आयआर्जन




गरेर देखाउन आग्रह गरे।

'जागिर सरकारी र खेती तरकारी' उत्तम हुने गरेको सिद्धान्तलाई अंगीकार गरी तरकारी खेतीबाटै पनि जीवनस्तर उकास्न सकिने र आर्थिक रुपमा सबल बन्न सकिने धारणासमेत सहभागीहरुले राखेका थिए।

गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत गठन भएका संगठित महिलाहरुलाई आयआर्जन गर्न दक्ष बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको सहजकर्ता अशोक दासले जानकारी दिए। उनका अनुसार संघीय मन्त्रालयको कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत २ लाख ५० हजारको बजेटमा महिलाहरुलाई आय आर्जन गर्न दक्ष बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको छ।

सो तालिममा विभिन्न समूहका ३६ जना महिलाहरुको सहभागिता रहेको थियो। बजेट कृषि मन्त्रालयको भए पनि गरीबसंग विश्वेश्वर कार्यक्रम अब जनकपुरधाम उपमहानगरपालिका मातहतमा रहेकोले उपमहानगरपालिकामार्फत नै यो तालिम पनि संचालन गरिएको उनले प्रष्ट पारे।

त्यसैगरी,तरकारी खेतीका लागि हाईब्रिड काँक्रो,गोभी,काउलीलगायतका तरकारीको बीउसमेत सहभागीहरुलाई वितरण गरिएको छ। कार्यक्रममा सहभागी जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मण्डलसहितका अतिथिहरुले महिलाहरुलाई बीउ प्रदान गरेका थिए।

# नेपाल पे क्युआरमा ३ लाखभन्दा बढी मर्चेन्ट आबद्ध

**टुडे समाचारदाता**

काठमाण्डु। बैंक वित्तीय संस्था तथा भुक्तानी सेवा प्रदायकहरूमार्फत नेपाल पे क्युआरमा ३ लाखभन्दा बढी मर्चेन्ट आबद्ध भएका छन्।

छोटो अन्तरालमा ३ लाखभन्दा बढी मर्चेन्टहरु क्युआरमा आबद्ध हुनुले नेपालमा क्युआरसम्बन्धी भुक्तानीको स्वीकार्यता तथा डिजिटल इकोसिस्टमको प्रवर्द्धनमा थप मद्दत पुग्ने विश्वास गरिएको छ।




नेशनल पेमेन्ट स्वीच अन्तर्गत नेपाल-क्युआर स्ट्याण्डर्ड अनुसारको क्युआर अन्तरआबद्धता कायम गर्ने गरी नेपाल पे क्युआर सञ्चालनमा ल्याइएको छ।

क्युआर स्किमको रुपमा पनि उपलब्ध रहेको उक्त नेपाल पे क्युआरमा मर्चेन्ट वा नेटवर्क लेभलमा अन्तरआबद्धता कायम गर्न सक्ने व्यवस्था रहेको बताइएको छ। हाल २३ बैंक वित्तीय संस्था तथा ३ भुक्तानी सेवा प्रदायक मार्फत व्यावसायिक ग्राहकहरूले नेपाल पे क्युआरमा आबद्ध हुन सक्छन्। यस्तै, २१ बैंक वित्तीय संस्था तथा ६ भुक्तानी सेवा प्रदायकका वालेटहरूमार्फत स्कान एण्ड पेको सुविधा उपलब्ध रहेको छ।

# प्रेस सेन्टरद्वारा १४ बुँदे ध्यानाकर्षणपत्र



**टुडे समाचारदाता**

राजविराज। समानुपातिक विज्ञापनको नीतिलाई व्यवहारिक रुपमा तत्काल कार्यान्वयन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता लगायतका १४ बुँदे मागसहित प्रेस सेन्टर नेपाल सप्तरी शाखाले बुधबार प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएको छ।

शाखा अध्यक्ष दिनानाथ यादवको नेतृत्वको टोलीले निमित्त प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य पराजुलीलाई उक्त ध्यानाकर्षणपत्र बुझाएका छन्। ध्यानाकर्षणपत्रमा पत्रकारको दक्षता अभिवृद्धिका लागि आम सञ्चार प्रशिक्षण प्रतिष्ठान तत्काल गठन गर्नुपर्ने,श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चार गृहलाई अनुमगन गरी सरकारी सेवा सुविधाबाट बञ्चित गर्नुपर्ने, सरकारी तथा निजी संचार माध्यममा कार्यरत श्रमजीवी पत्रकारहरुको रोजगारीको सुनिश्चितता लगायतको विषयतर्फ ध्यानाकर्षण गराइएको छ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रजिअ पराजुलीले उक्त मागहरु सम्बोधन गराउन आफूले सम्बन्धित निकायमा सक्दो पहल गर्ने आश्वासन दिएको प्रेस सेन्टर शाखा सप्तरीले जनाएको छ।

**जनकपुरधाम उप-महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस। ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो।**

**हाम्रो स्पेशल परिकारहरु**

| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |






**सम्पर्क ठेगाना**

**CFC Food Cafe**

Janakpurdham, Pirari xhowk

Contact NO. 9801670101

# संविधानलाई जोगाउन अड्किएको नागरिकता विधेयक प्रमाणित



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### लोकप्रिय सीएम

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले ६ महिना भित्रै दोस्रो पटक विश्वासको मत लिएका छन् । पहिलो पटक प्राप्त गरेको सर्वसम्मत समर्थन दोस्रो पटक पनि कायम रहेको छ । पहिलो पटक विश्वासको मत लिने बखत कुल सदनमा उपस्थित कुल सदस्य १ सय २ रहेकोमा सबै मत परेको थियो । दोस्रो पटक पनि प्रदेश सभाको बैठकमा उपस्थित १ सय ३ जनाले नै मुख्यमन्त्रीले राखेको विश्वासको मतको पक्षमा मतदान गरे । उनी लगातार सर्वसम्मत ढंगले दोस्रो पटक पनि मुख्यमन्त्रीमा समर्थन पाएका छन् । उनले विश्वासको मत लिनुपर्ने बाध्यता थिएन् । नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि संसदमा दुई तिहाई नजिकको बहुमत प्राप्त थियो । तैपनि उनले विश्वासको मत लिए ।विश्वासको मत लिने क्रममा उनले सबै दललाई मत दिन आग्रह गरे । त्यसपछि एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले उनको पक्षमा विश्वासको मत दिए ।सरकारमा ६ दल रहेका छन् ।जसपाकै केही नेता र खास गरी माओवादी केन्द्र संसदीय दलका नेताले मुख्यमन्त्रीको विपक्षमा बोल्न थालेका थिए । प्रदेशको नीति तथा कार्यक्रम पनि सर्बसम्मतबाट पारित भएको थियो । सरकारमा रहेको माओवादी केन्द्र नीति तथा कार्यक्रम पारित हुँदा सदनमा अनुपस्थित थिए ।तर विश्वासको मत माओवादी केन्द्रले पनि दिए । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा धैरै उपलब्धिमूलक काम गर्न सकेको छैन् । चुनाव र गठबन्धनको कारण सरकारले गति लिएको नदेखिए पनि आन्तरिक रुपमा सरकारले कयौं ठोस कामहरु गरिरहका छन् । मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम विगतको भन्दा फरक यथार्थपरक रहेको छ । बजेट पनि ऋणात्मक नल्याइने सरकारको कथन छ । सरकारले धैरै कार्यक्रम कागजमा उल्लेख गर्ने भन्दा वर्षभरिमा गर्न सक्ने कार्यक्रमहरु मात्र सार्वजनिक गरेको छ । सरकारले सार्वजनिक गरेका कामहरुमध्ये ६० प्रतिशत मात्र कार्यान्वयन हुन सके ठूलो उपलब्धि हुनेछ । मधेश सरकारले जनप्रिय र दीर्घकालीन कार्यक्रमहरु ल्याउनु आवश्यक छ । सरकारको नीति तथा कार्यक्रममा त्यस्ता कार्यक्रमहरु समावेश गरिएका छन् । संघीयताको मूल आधार रहेको मधेश प्रदेशमा सरकार असफल भए देशमै संघीयता असफल हुने बताइन्छ । त्यसकारण पनि संघीयता पक्षधरहरुले मधेश प्रदेशलाई सबल र सशक्त बनाउने प्रयासमा रहेका छन् । देशमा संघीयतालाई संस्थागत गर्न मधेश प्रदेश सरकारको भूमिका नै महत्वपूर्ण हो । पहिचानसहितको नामकरण गरिएको मधेश प्रदेश एकमात्र हो । अन्य ६ वटा प्रदेशको नाम विगतमा रहेका अञ्चल र विकास क्षेत्रको नाममा रहेको छ । देशमा भएको लोकतान्त्रिक आन्दोलनको क्रममा पहिचानसहितको संघीयता सम्बन्धी माग राखेका थिए । अन्य प्रदेशको नामकरणमा संघीयता विरोधीहरुले पहिचानलाई समाप्त गरी पूर्वमा रहेका अञ्चल र विकास क्षेत्रको नाममा प्रदेशको नामकरण गरेका छन् । तर मधेश प्रदेश पहिचानसहितको रहेको छ । यसको नामकरणमा तत्कालीन प्रदेश सभामुख र वर्तमान मुख्यमन्त्री सरोज कुमार यादवको भूमिका प्रशंसनीय छ ।त्यसकारण पनि उनीप्रति सभासदहरुको अपार विश्वास देखिन्छ ।

डा. रामसागर पंडित

संविधानलाई जोगाउन अड्किएको नागरिकता विधेयक वर्तमान राष्ट्रपतिबाट प्रमाणित हुनु स्वागतयोग्य कदमको रूपमा लिनुपर्छ । पुनः एकचोटी निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीबाट संविधानलाई असफल पार्ने कदमलाई वर्तमान राष्ट्रपति जोगाउने काम गर्नु भएको छ । यस लोकतान्त्रिक संविधानलाई कतिपय पार्टीहरूले पटक-पटक चोटिलो प्रहार गर्दै आएका छन् । पहिलो चोटी नेकपा अध्यक्ष तथा तत्कालिन प्रधानमन्त्री खर्गप्रसाद शर्मा ओलीले संसदलाई विघटन गरी गर्नुभएको थियो जो शतप्रतिशत अबैध थियो । त्यसलाई सर्वोच्च अदालतले पुनर्बहाली गरेर संविधानलाई जोगाएको देखिन्छ । यसपालि पुनः त्यसैपार्टीको सहयोगमा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले पुनः नागरिकता विधेयकलाई प्रमाणित नगरी राष्ट्रपति कार्यालयको आलमिरामा थन्कियाइ आफू त्यहाँबाट विदा हुनु भएको थियो । निवर्तमान राष्ट्रपतिद्वारा गरिएको यस्तो काम पूर्णरूपेण गैरजिम्मेवार थियो । अब यहाँ प्रश्न उठ्छ कि देशको संप्रभु कहाँ छ ? हाम्रो संविधान अनुसार पृथक्कीकरणको सिद्धान्तमा निर्मित भएपनि सबैभन्दा शक्तिशाली संस्था संसदलाई बनाएको छ । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी संसदलाई समेत चुनौती दिएर जानुभयो । त्यसबेला संसदको सरकार समर्थित सांसदहरूको सङ्ख्या पनि त्यति थिएन जसले राष्ट्रपतिमाथि महाभियोगको कारबाही चलाउन सकोस् । यसरी वहाँ विना कारबाही राष्ट्रपति कार्यालयबाट निस्किन सफल हुनुभयो ।

वहाँको विदाइ पश्चात रामचन्द्र पौडेल वर्तमान राष्ट्रपतिमा निर्वाचित भई आउनुभयो । वहाँले यदि यस विधेयकलाई प्रमाणित नगरेको भए संविधान कता जान्थ्यो । राष्ट्रपतिले संविधान जोगाउँदा तथा राष्ट्रविहिनलाई राष्ट्रका सदस्य बनाउँदा अहिले देशमा हल्लाखल्ला मचाउने पार्टीहरूसँग जनताले प्रश्न सोध्न चाहन्छन् कि यसको विकल्प के थियो त ! कतिपय विपक्षी पार्टीहरूको के भनाइ छ भने त्यस विधेयकलाई पुनः संसदमै पठाइ दिनु पर्थ्यो । एक छिनको लागि वहाँहरूको भनाइलाई ठीक मान्दा पुनः संसदबाट पारीत गरेर पठाएको विधेयकलाई राष्ट्रपतिले फिर्ता पठाइ दिएमा यसको समाधान के त ? यसरी यो आउने/जाने प्रक्रिया कहिले पनि टुँगिने छैन र संसद राष्ट्रपतिले चाहेका कामहरू मात्र गर्नु पर्ने हुन्छ । विचार गर्नुस त ! नेपालको संसदीय प्रणालीको अवस्था कतातिर लाग्नेछ ? यसको उत्तर कसैसँग छ ।

नागरिकविहीन नेपालीलाई नागरिकता नदिनु कसैको मनसाय देखिँदैन । नेकपा एमाले सरकारको नेतृत्व गरिरहँदा नागरिकता अध्यादेश ल्याएकै थियो । सर्वोच्चले नरोकेको भए अहिले सबैले नागरिकता प्रमाण पाइसकेका हुन्थे । त्यसपछि नेपाली काँग्रेसको नेतृत्वमा मिलिजुली सरकार निर्माण हुँदा उनीहरू संसदबाट नै बहुमतले पारित गरी विधेयकलाई राष्ट्रपति कहाँ पठाएकै थिए तर तत्कालीन राष्ट्रपतिले प्रमाणित नगरी त्यसै आलमारीमा थन्कियाइ निस्कनुभयो । जे कुराहरू अध्यादेशमा थिए त्यही कुराहरू विधेयकमा हुँदा तब एमालेद्वारा विरोध आउनु दुःखद कुरा थियो । अहिले वर्तमान राष्ट्रपतिबाट प्रमाणित पश्चात विपक्षीदलमध्ये नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत केही सानादल तथा स्वतन्त्र सांसदहरू विरोधमा उत्रिएका छन् । यसरी यिनीहरूका हर्कतलाई हेर्दा झगडा स्वामित्व लिने कुरामा अड्किएको छ । यी सबै पार्टीले मेरो पालामा यो विधेयक पास भइदिए हुन्थ्यो ।

अब प्रसँगलाई मोडौं । २०६३ सालतिर दिएको नागरिकका छोरा छोरीका कुरा मात्र उठेको छ । नयाँलाई नागरिकता दिने कुरै छैन । जहाँसम्म कतिको के भनाइ छ भने यसरी भारतीयहरूलाई राष्ट्रपति हाम्रो संविधान २०७२ अनुसार राष्ट्रप्रमुख हुनुहुन्छ । वहाँको अभिभावकीय भूमिका हो । हाम्रो देशमा शासनाध्यक्षको भूमिकामा प्रधानमन्त्रीलाई बस्ने ठाउँ दिएको छ । प्रधानमन्त्री संसदबाट पठाएको विधेयकलाई देखाउने काम मात्र गर्नुभएको छ । राष्ट्रपतिले यसरी पठाउने पत्र मार्फत कुराबुझी नागरिकता विधेयक प्रमाणित गर्नु वैधानिक कर्तव्य पनि हो ।

अहिलेको राष्ट्रपति एउटा सफल राजनीतिज्ञ तथा कुटनीतिज्ञ हुनुहुन्छ । वहाँ एउटा अनुभवी हुनुहुन्छ भने कुनै काम गर्दा सोचविचार कै साथ गर्नु हुन्छ होला । बरू विद्यादेवी भण्डारी आफ्ना कार्यकालमा पटक-पटक विवादमा आइरहनु हुन्थ्यो । वहाँ गएपनि संसदमा उहाँमाथि कारबाहीको कुरोसमेत उठिरहेछ ।



डा. रामसागर पंडित

*नागरिकविहीन नेपालीलाई नागरिकता नदिनु कसैको मनसाय देखिँदैन । नेकपा एमाले सरकारको नेतृत्व गरिरहँदा नागरिकता अध्यादेश ल्याएकै थियो । सर्वोच्चले नरोकेको भए अहिले सबैले नागरिकता प्रमाण पाइसकेका हुन्थे । त्यसपछि नेपाली काँग्रेसको नेतृत्वमा मिलिजुली सरकार निर्माण हुँदा उनीहरू संसदबाट नै बहुमतले पारित गरी विधेयकलाई राष्ट्रपति कहाँ पठाएकै थिए तर तत्कालीन राष्ट्रपतिले प्रमाणित नगरी त्यसै आलमारीमा थन्कियाइ निस्कनुभयो । जे कुराहरू अध्यादेशमा थिए त्यही कुराहरू विधेयकमा हुँदा तब एमालेद्वारा विरोध आउनु दुःखद कुरा थियो ।*

नागरिकता दिँदै गयो भने भोली नेपाल सिकमीकरण र फिजीकरण हुन के बेर ! यस्ता प्रश्न उठाउनु बिल्कुल बाहियात कुरो रहेछ । नेपालको जनसाङ्ख्यिक तथयाङ्कलाई हेर्दा सन् २००१, २०११ र २०२१ का जनगणाको परिणामलाई हेर्दा नेपालमा आप्रवासी हुने भन्दा भारतमा नेपाली प्रवासीहरूको जनसङ्ख्या तीव्र रूपमा बृद्धि हुदै गएको देखिन्छ । भारतीयहरू नेपालमा के आकर्षणले आउँछन् । भारतमा सरकारले सरकारी नोकरी दिन नसक्दा निजी कलकारखा तथा उद्योगधन्दातिर जागिर पाएकै छन् । नेपालमा सन् २००१ सम्म रहेको आकर्षण पनि समाप्त भई सकेको छ । नेपालको वार्षिक जनसङ्ख्या बृद्धि दर सन् २०२१ को जनगणना परिणाम अनुसार १ प्रतिशतभन्दा पनि कम छ । यस्तै घट्दै गयो भने भोलि पुनः जनसङ्ख्या बढाउने नीति नआउला भन्न सकिन्न ।

जहाँसम्म जनसङ्ख्या समस्याको कुरो छ, यसलाई राम्रोसँग व्यवस्थापन गर्न नसकेर यस्तो भएको हो । अर्को देशको जनसंङ्ख्या हाम्रो देशमा आएर हामीलाई अल्पमत पारदेला, सरकारको नेतृत्व उनीहरूनै लेलान् यस्ता धारणा राख्नु गलत हो । यस्तै कुरामा हामी आफ्ना बढी समय फालि राखेका छौं । अहिले वर्तमान राष्ट्रपति बारे विभिन्न टिक्काटिप्पणी शुरू भएका रहेछन् । वहाँबारे टिक्काटिप्पणी गर्नु संविधानको बर्खिलापमा बोल्नु सरह नै हो । कतिपय व्यक्ति सार्वजनिक पदमा बस्दा यस्ता राम्रा छापहरू छोडेर जान्छन् कि पछिसम्म वहाँ बारे चर्चा परिचर्चा भइरहन्छन् ।

अहिलेको संसदमा देशप्रेम भन्दा पार्टी तथा व्यक्तिको हीत कसरी हुन्छ ? त्यतातिर मात्र गएको देखिन्छ । देशप्रेम भएको भए संसदमा विवेकशील रूपमा छलफल हुन्थ्यो । देशहीतका कुरामा सबैको समर्थन तथा देश विरूद्धको कुरामा सबैको विरोध हुन्थ्यो । लाज मर्दो कुरो रहेछ कि यस्तो वातावरण श्रृजना कसरी भयो ?

नेपालका केही वर्गहरू मधेशीलाई नेपाली मान्न तयार छैनन् । के मधेशीहरू यदि भारतबाट नै पलायन भएर आएका छन् भने प्रमाणित गरेर देखाए भै हाल्यो नि ! कुनै दिन मधेशका राजा काठमाण्डू उपत्यकासम्म राज्य गरेकै थिए । यस्ता क्षेत्रीय कुराहरू उठाएर यसलाई नागरिकतासँग जोडेर देशमा बखेडा खडा गर्नु देशहीतमा कहिले पनि हुँदैन ? नेपालमा नागरिकता लिन छुटेका मानिसहरूलाई नागरिकता त दिनै पर्छ । नागरिकता पाउनु उनीहरूको जन्मसिद्ध अधिकार पनि हो ।

नेपालका केही समूहहरू भारतकै विरोधमा आफ्नो समय बिताइ रहेका छन् । नेपाल भारत बीचका समस्या जहिले पनि कुटनैतिक तरिकाले समाधानको बाटो खोज्नु पर्छ । नेपाल भारतको सम्बन्ध सदियौं पुरानो छ । समय समयमा उतार चढाव आउनु स्वभाविक प्रक्रिया हो । कतिपय पार्टीले यस संविधानलाई हटाएर २०४६।०४७ को संविधानलाई लागू गर्नु पर्छ भनि रहेका छन् । त्यसबेलाको संविधान संविधानसभाबाट निर्मित संविधान थिएन ।

अहिले त जनताद्वारा निर्मित संविधान हो । लोकतन्त्रको मापदण्डले यस संविधानलाई सबैभन्दा उत्तम संविधान मान्छन् । यसैलाई देशको माँग अनुसार संशोधन गर्दै अगाडि बढ्नु पर्छ । संविधान निर्माणमा हामी धैरै समय बिताइ हाल्यौं । अब उप्रान्त यस्ता कुरामा नपरि विकासका कुरामा छलफल गरौं । देश आर्थिक रूपले सबल भएन भने एउटा असफल राष्ट्रको रूपमा आउन सक्छ । हाम्रो देशको आर्थिक अवस्थालाई कसरी सुधार्ने त्यतातिर सबैको ध्यान जानु पर्छ । देश बलियो भयो भने मात्र हामी पनि बलियो हुन सक्छौं । युवाहरूले विदेशमा आफ्ना श्रम बेज्न बाध्य छन् । उनीहरूलाई आफ्नै देशभित्र कसरी रोजगारी दिन सकिन्छ । त्यतातिर सोच्नु पर्ने बेला आइसकेको छ ।

कतिको के भनाइ छ भने विगतको राष्ट्रपतिले गर्ने काम यो राष्ट्रपतिले कसरी गर्न सक्छ ? यसको उत्तरलाई यसरी बुझ्दा पनि हुने हो । राष्ट्रपतीय संस्था एउटा स्थायी संस्था रहने हुनाले यसलाई निर्वाचनसँग जोडेर हेर्नु हुँदैन । हिजोका राष्ट्रपतिले गरेका कामको निरन्तरता वर्तमान राष्ट्रपतिलाई दिन मिल्ने र पूर्व राष्ट्रपतिले छोडेका कामलाई वर्तमान राष्ट्रपतिले किन नगर्ने ? रामचन्द्र पौडेल जस्ता राष्ट्रपतिले विगतका राष्ट्रपतिहरूले गरेका काम कहिले पनि दोहोराउने सोचमा देख्नुहुन्न भने सबै महसूस गरिरहेका छन् । यहाँ एउटा इमान्दार तथा निर्लोभी नेताको रूपमा आफ्नो कैरियर बनाइ सक्नुभएको छ । यसलाई यस उमेरमा आएर किन भत्काउनु हुन्छ होला ? वहाँको 'सादा जीवन उच्च विचार' लाई देशले आदर गर्नु पर्ने हो । कहिले कहिले एका/दूकाको स्वार्थ अनुकूल काम नगर्दा विभिन्न किसिमका आरोप प्रत्यारोप लगाउने कुरालाई सामान्य रूपमा लिनु पर्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने विगत वर्षौदेखि नागरिकता समस्या उठ्दै आएको कुरालाई यस विधेयकले सदाकालागि विराम दिन चाहन्छ । विगतदेखि वर्तमानसम्मको नागरिकता अध्ययनले पनि यसै कुरालाई समर्थन गर्दछ । हाम्रा विशाल छिमेकी देश चीन र भारतको कुरा गर्छौ ।

एकछिनको लागि उनीहरूबाट सतर्क हुनु नराम्रो काम होइन तर चिनिया र भारतीय नेपालमा के आकर्षणले आउँछन् त ! उनीहरू अब विकसित देशको हाराहारीमा पुग्दै छन् । उनीहरूका स्तरले हाम्रो देशलाई किन स्वीकार गर्छ त ! त्यसैले उनीहरू हाम्रो देशको जनसङ्ख्या बढाएर भोलि आफ्ना सरकार बनाउँछन, हामीलाई यहाँबाट धपाउँछन् जस्ता कुरा मनबाट हटाइ दिए हुन्छ । होइन भने मनको भूत हामीलाई जहिले पनि डराइ राख्छ । यसलाई मनबाट हटाइ देशलाई अगाडि बढाउनु नै हामी सबै नेपालीको परम कर्तव्य देखिन्छ । इतिश्री ।

# गणतन्त्रका १५ वर्षले आएको परिवर्तन

नेत्रप्रसाद सुवेदी र कृष्ण अधिकारी

नेपालमा दुई सय ४० वर्षे राजतन्त्रको अन्त्य गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको १५ वर्षको अवधिमा जनताका प्रतिनिधिले लेखेको संविधानमार्फत अवसर र अधिकारबाट बञ्चित भएका महिला, आदिवासी, मुस्लिम, दलित, मधेसी, उत्पीडित, पिछडिएका क्षेत्रबाट प्रतिनिधि सुनिश्चित भई समावेशी आधारमा राज्यसत्ता सञ्चालनमै सहभागी हुने सुवर्ण अवसर प्राप्त भएको छ । नेपालमा भैतिक पूर्वाधारको विकास र सूचना तथा सञ्चार प्रविधिमा क्रान्ति सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाकै कारणले सम्भव भएको हो ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा गरेका जनयुद्ध, राजनीतिक आन्दोलन तथा जनताको बलिदानीपूर्ण सङ्घर्षको जगमा रु २०६५ जेठ १५ गते तत्कालीन संविधानसभाबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने ऐतिहासिक निर्णय भएको थियो । सोह्रौं गणतन्त्र दिवसका सन्दर्भमा सरकारले गणतन्त्रका १५ वर्ष नामक पुस्तिका प्रकाशनमा ल्याएको छ । यसबीचमा भएका उपलब्धिलाई विभिन्न १५ शर्षिकमा तथ्याङ्कगतरूपमा प्रस्तुत गरिएको छ । यस अवधिमा समावेशीकरण, सङ्घीयता कार्यान्वयन, आर्थिक विकास शान्ति सुरक्षा र सुशासन स्थापना, ऊर्जा विकासलगायतका क्षेत्रहरूमा सकारात्मक फड्को मारेको देखिन्छ ।

गणतन्त्रका १५ वर्षमा समावेशी प्रतिनिधित्व नीति निर्माण तथा प्रशासनिक क्षेत्र उत्साहजनक रहेको छ । स्थानीय तहमा हालको महिला प्रतिनिधत्वलाई मात्र हेर्ने हो भने साविक स्थानीय निकायमा यस्तो प्रतिनिधित्व ज्यादै कम देखिन्छ । यसैगरी विसं २०४८, २०५१ र २०५६ को संसद्मा भएको प्रतिनिधित्वको तुलनामा गणतन्त्रपछिको प्रतिनिधित्व उल्लेख्य रूपमा वृद्धि भएको छ । त्यसैगरी संवैधानिक पदाधिकारीमा महिला पुरुष अनुपात ८:९२ पुगेको छ ।

यसैगरी नेपालले प्रशासनिक क्षेत्रमा समावेशी प्रतिनिधित्वमा फड्को मारेको छ । विसं २०६४ देखि २०७९ सम्म लोकसेवा आयोगको समावेशी प्रतिस्पर्धाबाट २२ हजार ६९२ जना महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्र समूहबाट सिफारिस भएका छन् । समावेशी समूहले अवसर सिर्जना गरेको प्रतिस्पर्धी क्षमताका कारण २०७४ देखि २०७८/७९ सालको अवधिमा खुला प्रतियोगिताबाट नौ हजार ३१ र समावेशी प्रतियोगिताबाट नौ हजार आठ सय २९ गरी १८ हजार आठ सय ६० जना लोकसेवाबाट सरकारी सेवाका लागि सिफारिस भएका छन् ।

गणतन्त्र स्थापनापूर्वको स्थानीय तहको निर्वाचन वर्ष २०४९, २०५४ सालमा क्रमशः ० दशमलव ६२, ११ दशमलव ७७ प्रतिशत मात्र महिलाको प्रतिनिधित्व रहेकोमा गणतन्त्र स्थापनापछिको निर्वाचन वर्ष विसं २०७४, २०७९ मा क्रमशः ४० दशमलव ९६, ४१ दशमलव २३ प्रतिशत पुगेको छ ।

त्यस्तै गणतन्त्र स्थापनापूर्वको प्रतिनिधिसभामा निर्वाचन वर्ष २०४८, २०५१, २०५६, २०६४ सालमा क्रमशः तीन दशमलव ९, २ दशमलव ९३, ५ दशमलव ८५ र ३२ दशमलव ७८ प्रतिशत रहेको थियो भने गणतन्त्र स्थापनापश्चात् निर्वाचन वर्ष २०७०, २०७४, २०७९ मा क्रमशः २९ दशमलव ४५, ३३ दशमलव ९ र ३३ दशमलव ९ प्रतिशत रहेको छ ।

गणतन्त्रले न्यायिक क्षेत्रमा पनि लैङ्गिक समावेशीकरणलाई टेवा पुऱ्याएको छ । जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको न्यायाधीश पदमा महिलाको संख्या बढ्दो छ । संविधानअनुसार शासकीय पुनःसंरचना भएको र बझाङको सैपाल गाउँपालिकाबाहेक सबै स्थानीय तहमा बैंकिङ सुविधा पुगेको छ ।

शान्तिसुरक्षा र सुशासनतर्फ विसं २०६३ मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच सम्पन्न भएको ऐतिहासिक विस्तृत शान्ति सम्झौता विसं २०६३ ले सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणको सवालमा महत्वपूर्ण उपलब्धि हासिल गऱ्यो । सम्झौताबमोजिम गरिएको सेना समायोजन पनि एउटा महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । सशस्त्र द्वन्द्वमा विद्रोही पक्षबाट लडिरहेका व्यक्तिहरूको उचित व्यवस्थापन र सशस्त्र द्वन्द्वमा संलग्न भएको नेपाली सेनाको आधुनिकीकरणसहितको सेना समायोजन सम्पन्न भएको छ । शान्ति सुरक्षा र विकास निर्माणमा नेपाली सेना विश्वमा शान्ति स्थापनार्थ विभिन्न १३ वटा मिसनमा जम्मा ६० हजार ६१ जना फौज तैनाथ भई फौज योगदान गर्ने मुलुकको सूचीमा नेपाल दोस्रो स्थानमा रहेको छ । राष्ट्रिय सुरक्षाको महत्वपूर्ण अङ्गका रूपमा रहेको सीमा सुरक्षालाई सबल र व्यवस्थित बनाउन देशका दक्षिणी सीमातर्फ दुई सय १९ र उत्तरी सीमातर्फ सात गरी दुई सय २६ स्थानमा बिओपी स्थापना गरिएको छ ।



सार्वजनिक सेवा प्रवाहलाई सहज र पहुँचयोग्य बनाउँदै लगिएको छ । सरकारी काम कारबाहीलाई थप पारदर्शी र जवाफदेही बनाइएको छ । प्रदेश र स्थानीय तहका सेवा प्रवाहले सार्वजनिक सेवालाई नागरिकको नजिक पुऱ्याएको छ । सबै प्रदेश सरकारले सुशासन केन्द्र स्थापना गरेका छन् । प्रायःजसो सरकारी कार्यालयले आफ्ना सेवा अनलाइन प्रणालीबाट सुरु गरेका छन् । भ्रष्टाचार नियन्त्रणका प्रयासस्वरुप नेपालको भ्रष्टाचार सूचकमा सुधार आएको छ ।

करिब डेढ दशकअघिसम्म ऊर्जाका क्षेत्रमा स्वदेशको उत्पादन र भारतबाट आयात गर्दासमेत कहालिलाग्दो लोडसेडिङ रहेकामा हाल उत्पादन उल्लेख्य वृद्धि भई निर्यातसमेत सुरु गरिएको छ । आव २०६३/६४ मा सात सय मेवा विद्युत् उत्पादन क्षमता रहेकामा गत चैत मसान्तसम्म दुई हजार छ सय ७८ मेवा पुगेको छ भने विद्युत् पहुँच पुगेका घरपरिवार विसं २०६४ मा ५६ प्रतिशत रहेकामा विसं २०७८ मा ९२ प्रतिशत पुगेको छ ।

देशको आर्थिक विकास र वित्तीय व्यवस्थापनको क्षेत्रमा पनि सुधारका उल्लेख्य प्रयासहरू भएका छन् । नेपाल सरकारले विकास निर्माणको कार्यलाई नयाँ सोचका साथ तीव्र रूपमा अघि बढाउन राष्ट्रिय गौरवका आयोजनाहरू पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिँचाइ नहर, केबुलकार, सुरुङमार्गको निर्माण पनि अघि बढेका छन् । विसं २०६४ मा रु ३१ हजार नौ सय ४६ रहेको प्रतिव्यक्ति आय विसं २०७९ मा रु एक लाख ८२ हजार छ सय ८३ पुगेको छ ।

गरिबी निवारणलाई मापन गर्ने बहुआयामिक गरिबी दरले सन् २०१४ मा २८.६ प्रतिशत जनसंख्या गरिब देखाएकोमा हाल यो प्रतिशत १७.४ मा झरेको छ । त्यस्तै मानव विकास सूचकाङ्कमा नेपालको सूचकाङ्क सन् २०१० मा ०.५४३ रहेको अवस्थामा सुधार भई हाल ०.६०२ पुगेको छ । त्यस्तै लैंगिक असमानता सूचकांक २०६४ सालमा ०.५३२ रहेकामा २०७९ सालमा यो अङ्क घटेर ०.४५२ मा ओर्लेको छ । लगानी वातावरणको सङ्केत गर्ने सूचकका रूपमा लिइने डुइङ विजनेस प्रतिवेदन २०२० ले नेपालको स्थान अघिल्लोपटकको ११० औं बाट सुधार भई ९४ मा ओर्लेको देखाएको छ ।

विसं २०६४ मा पाँच हजार चार सय किलोमिटर रहेको पक्की सडक २०७८ सालमा १६ हजार छ सय किमी पुगेको छ भने पक्की, कच्ची र ग्राभेल गरी सडकको लम्बाई ३३ हजार ७ सय किलोमिटर पुगेको छ । त्यस्तै शौचालयको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ४९ प्रतिशतबाट दोब्बरले बढेर ९६ प्रतिशत पुगेको छ । यसैगरी मोबाइल सेवा प्रयोगकर्ता ५.९५ प्रतिशतबाट बढेर २०७९ मा १२२.२५ पतिशत पुगेको एवम् इन्टरनेट सेवा ०.२४ प्रतिशतबाट १३३ प्रतिशत पुगेको छ ।

प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यका रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ । नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा शनिवार्रन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ । गणतन्त्र स्थापनापछिका १५ वर्षमा सञ्चार क्षेत्रलेसमेत ठूलो फड्को मारेको छ । यस अवधिमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन र डिजिटल सञ्चारमाध्यम सङ्ख्यात्मकरुपले मात्र वृद्धि नभई प्रविधि तथा प्रकाशन प्रसारण सामग्रीको स्तरीयतासमेत बढेको छ । सरकारले ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका, विधवा, लोपोन्मुख आदिवासी जनजाति, दलित बालबालिका र कर्णालीका ६० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई मासिकरूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ ।

यसैबीचमा नेपालको अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता तथा प्रतिनिधित्वसमेत प्रभावकारी बन्दै गएको छ । नेपालले सन् २००९ र सन् २०२३ गरि दुई पटक अल्पविकसित मुलुकको अध्यक्षता गरेको छ । कूटनीतिक सम्बन्धको विस्तार भई नेपालको दौत्य सम्बन्ध २०६४ सालमा १२६ रहेकामा २०८० वैशाखसम्म एक सय ७९ पुगेको छ । त्यस्तै ११ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएको छ ।

गणतन्त्र स्थापनापछिको अवधिमा मुलुकमा सामाजिक र सांस्कृतिक सद्भावमा अभिवृद्धि भएको छ । जनतामा आशाको सञ्चार हुन सकेको छ । माथि उल्लेखित केही तथ्याङ्कका आधारमा पनि मुलुकमा गणतन्त्र प्राप्तिपछिको अवधिमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा जनजीविकाको सवालमा गुणात्मक फड्को मारेको स्पष्ट छ । योसँगै गणतन्त्र प्राप्तिपछि सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता, मानवअधिकारको सुनिश्चितता, पूर्ण प्रेस स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको मजबुतीकरण भएको छ ।

गणतन्त्र प्राप्तिपछि सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीता, मानवअधिकारको सुनिश्चितता, पूर्ण प्रेस स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रिय अखण्डताको मजबुतीकरण भएको छ । मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्दै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने बाटोमा अघि बढ्नुपर्ने समयको आवश्यकतालाई पुस्तिकामा औंल्याइएको छ । यसबाट लोकतान्त्रिक गणतन्त्र र सङ्घीयतालाई नागरिकमैत्री बनाई मुलुकको समृद्धि र समुन्नतिको ढोका खोल्न सहयोग पुग्नेछ । (पुस्तक सम्पादनमा संलग्न हुनुभएका सुवेदी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ भने अधिकारी राससका आलेख शाखा प्रमुख हुनुहुन्छ)

# गरिबीले कोही पनि स्वास्थ्य सुविधाबाट वञ्चित नहोस् : स्वास्थ्यमन्त्री बस्नेत



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले गरिबीका कारणले कोही पनि स्वास्थ्य सुविधाबाट वञ्चित नहोस् भन्ने आफ्नो लक्ष्य रहेको बताउनुभएको छ ।

ललितपुरकोजावलाखेलस्थित बुधबार लाइफलाइन हेल्थ होम केयरले आयोजना गरेको बृहत् निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रममा उहाँले पाँच वर्षभित्र गरिबीका कारणले कोही पनि स्वास्थ्य सुविधाबाट वञ्चित नहोस् भन्ने गरी कार्ययोजना बनाएर सुरु गरेको अभियान निरन्तर जारी रहेको बताउनुभएको हो ।

"मेरो लक्ष्य नेपालमा पाँच वर्षभित्र गरिबीका कारणले कोही पनि स्वास्थ्य सुविधाबाट वञ्चित नहोस् भन्ने हो, त्यसका लागि निश्चित कार्ययोजना र मापदण्ड बनाएर सूर्तीजन्य पदार्थबाट सङ्कलन हुने अर्बौं रकमबाट गर्नुपर्छ भन्ने अभियान निरन्तर जारी रहनेछ, तपाईंहरूले साथ दिनुपर्ने छ, असल कामका लागि धेरै समर्थन प्राप्त हुन्छ, जस्तोसुकै अफ्ठेरो अवस्था आए पनि त्यसलाई छिचोल्दै जानुपर्छ", मन्त्री बस्नेतले भन्नुभयो ।

संविधानले प्रदत्त गरेको हक र अधिकारलाई सुनिश्चित गर्नुपर्नेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, "सबै अस्पतालले गरिब र असहायलाई उपचार गर्नु पर्छ, अस्पतालहरूले स्वीकृति लिने बेलैमा प्रदान गर्ने सम्पूर्ण उपचार सेवाको १० प्रतिशत न्यून आयस्तर भएका, गरिब र बेवारिसे बिरामीलाई उपचार गर्नुपर्छ भनेर सम्झौता गरेको भए पनि त्यो कार्यान्वयन हुन सकेको थिएन, म आएपछि देशैभर सर्कुलर जारी गरेर यसलाई कार्यान्वयनमा ल्याउन जोड दिएको छु ।"

सोका लागि एउटा मापदण्ड बनाइएको र २२ जिल्लामा गरिबी तथा विपन्नताको कार्ड पाएका नागरिक रहेका तथा त्योभन्दा बाहेक जिल्लामा निर्वाचित वडाका जनप्रतिनिधिको सिफारिसमा गरिब तथा विपन्नता भएका व्यक्तिको उपचार गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी गराउनुभयो । विपन्न जनताको निःशुल्क उपचार गर्नु राज्यको दायित्व भएको उहाँको भनाइ छ ।

मन्त्री बस्नेतले महङ्गो उपचारबाट जनता पीडित भएको अवस्थामा उपचार नै गर्नु नपर्ने गरी नागरिकलाई सचेत बनाउन जरुरी भएको औंल्याउनुभयो । उहाँले दिनको एक घण्टा शारीरिक व्यायामका लागि छुट्याउन आवश्यक छ भन्ने सचेतना जगाउन र उचित आहारका लागि ध्यान दिन प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

लाइफलाइन हेल्थ होम केयरका सञ्चालक समिति सदस्य समीर जोशीले होम केयरका रूपमा दुई वर्षदेखि सञ्चालनमा रहेको यस स्वास्थ्य संस्थाले पोलिक्लिनिकका रूपमा आठ महिनादेखि सेवा प्रदान गरिरहेको बताउनुभयो । "हामीले 'वेटर हेल्थ वेटर सोसाइटी'को नाराका साथ काठमाडौं मेडिकल कलेजसँग सहकार्य गरेर देशैभर स्वास्थ शिविर सञ्चालन गरिरहेका छौं, अहिले बागमती प्रदेशभर स्वास्थ शिविर सञ्चालन गरिरहेका छौं, शिविरमा आएकामध्ये अप्रेसन गर्नुपर्नेलाई कलेजमा ५० प्रतिशत छुट हुने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो, "प्राइभेट संस्था भए पनि नाफामा केन्द्रीकृत भएका छैनौं, नर्सिङ कलेजहरूसँग पनि सहकार्य गरेका छौं, ज्येष्ठ नागरिकलाई घरघरमै पुगेर न्यूनतम शुल्कमा सेवा पुऱ्याएका छौं ।"

विभिन्न सङ्घसंस्थाको सहयोग र काठमाडौं मेडिकल कलेजसँगको प्राविधिक सहकार्यमा लाइफलाइन हेल्थ होम केयरले सञ्चालन गरेको बृहत् स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रममा जनरल मेडिसिन, जनरल शल्यक्रिया, प्याथोलोजी, स्त्रीरोग, बालरोग, दन्तरोग, हाडजोर्नी, नाक, कान, घाँटी, आँखा, इसिजी, भिडियो एक्स-रे, मधुमेह, युरिक एसिड लगायतका समस्यामा सेवा उपलब्ध हुने डा विपु ढकालले जानकारी दिनुभयो । रासस

# फेरि नयाँ नेकपा बनाउँछौं : प्रधानमन्त्री



दाङ । प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी क्रान्तिका लागि व्यापक समाजवादी संयुक्त मोर्चाको तयारी भइरहेको बताउनुभएको छ । माओवादी केन्द्र जिल्ला समन्वय समिति दाङद्वारा बुधबार आयोजित अगुवा कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै उहाँले समाजवादी मोर्चा हुँदै नयाँ नेकपासम्म पुग्नेगरी पहलकदमी लिइएको बताउनुभएको हो ।

"समाजवादी क्रान्ति सिधा र सरल हुँदैन । यसले आफ्नो मौलिकता र नियमसहित बाटो लिन्छ । विचार राजनीतिमा व्यापक छलफल, ठूलो ध्रुवीकरण र एकतासहित समाजवादी क्रान्ति हुन्छ । त्यो हाम्रै पहल र हाम्रै नेतृत्व हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेकपा जन्माउने विचार र प्रयोग पनि हाम्रो पहल थियो । त्यो आत्मसमर्पण र विसर्जनको बाटो थिएन । समाजवादको आधार तयार पार्ने महान् उद्देश्यमा आधारित थियो । त्यसका लागि उक्त एकता गरिएको थियो ।"

समाजवादी संयुक्त मोर्चाको वैचारिक दस्तावेजलाई अन्तिम रुप दिइएको जानकारी दिँदै उहाँले केही दिनमा मोर्चाको घोषणा हुने बताउनुभयो । "हिजोको एकता कायम राख्न सम्भव भएन । तर, लाखौं जनतालाई एकताबद्ध नगरी क्रान्ति हुँदैन", अध्यक्ष दाहालले भन्नुभयो, "फेरि एकताका लागि पहल गर्नुपर्नेछ । समाजवादी मोर्चाको दस्तावेज टुङ्ग्याएका छौं ।"

माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी र जनता समाजवादी पार्टीलाई मिलाएर समाजवादी मोर्चा बनाइने उहाँको भनाइ छ । "केही दिनमा समाजवादी मोर्चा घोषणा हुन्छ । तल्लो तहसम्म समाजवादी मोर्चा बन्छ । एमालेमा पनि एकताका पक्षधर छन्, उनीहरूको नेतृत्व परिवर्तन भएमा एमाले पनि एकताको पक्षमा आउँछ । त्यहाँ मुख्य नेतृत्व नै मूल रूपमा एकताको बाधक देखिन्छ", उहाँले भन्नुभयो ।

जनताको ठूलो हिस्सालाई सङ्गठित गरेर मात्रै समाजवादी क्रान्ति सम्पन्न गर्न सकिने जनाउँदै उहाँले वामपन्थी र कम्युनिष्टबीच एकताको अभियान सञ्चालन गरिने बताउनुभयो । "फेरि नेकपा बनाउने कोसिस भइरहेको छ । यसभित्र ठूलो अर्थ छ । जनताको ठूलो हिस्सालाई सङ्गठित नगरी समाजवादी क्रान्तिको आधार तयार पार्न सकिँदैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसलाई सबैले गम्भीररूपमा सोच्न जरुरी छ । देशका सच्चा वामपन्थी र कम्युनिस्टबीच एकताका लागि व्यापक बहस चलाउँछौं ।"

नेपालमा परिवर्तनका लागि जनताले गरेको क्रान्ति नितान्त मौलिक खालको रहेको उल्लेख गर्दै उहाँले आफ्नै अनुभवमा क्रान्ति सम्पन्न भएको बताउनुभयो । "हाम्रो क्रान्ति मौलिक र जीवन्त छ । हामीले किताबमा लेखेजस्तो होइन, आफ्नै जीवनको अनुभवका आधारमा क्रान्ति गऱ्यौं । हाम्रो क्रान्ति विश्वमै मौलिक खालको छ", प्रधानमन्त्रीले दाहालले भन्नुभयो ।

विश्व कम्युनिष्ट आन्दोलनका नेता लेनिनले क्रान्तिमा दुई कार्यनीतिको कुरा गर्नुभएको स्मरण गर्दै उहाँले नेपालमा लेलिनले भनेको जस्तो नभई मौलिक ढङ्गको क्रान्ति भएको बताउनुभयो । "किताबमा लेखेजस्तो होइन, जीवनमा भोगेजस्तो क्रान्ति भयो", उहाँले भन्नभयो ।

विसं २०७८ पुसमा सम्पन्न पार्टीको आठौं महाधिवेशनको दस्तावेजले समाजवादी क्रान्तिको दिशानिर्देश गरिएको उल्लेख गर्दै अध्यक्ष दाहालले त्यसमा समाजवादको नेपाली विशेषता र मौलिकतासहित क्रान्तिको आधार तयार पार्ने संश्लेषण गरिएको बताउनुभयो । मुलुकमा सुशासन कायम गर्न, विकास निर्माण गर्न तथा जनआकाङ्क्षा पूरा गर्न सरकार दृढताका साथ लागेको जनाउँदै प्रधानमन्त्री दाहालले भ्रष्टाचार विरोधी अभियानमा कसैसँग सम्झौता नगरिने विश्वास दिलाउनुभयो । "भ्रष्टाचारलाई निर्मूल पारेर नै देश निर्माण गर्न सकिन्छ, पार्टी पुनःनिर्माण गर्न सकिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने सवालमा हामी कसैसँग सम्झौता गर्दैनौं", उहाँले भन्नुभयो । नक्कली भूटानी शरणार्थी प्रकरणलाई तार्किक निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै उहाँले अब भ्रष्टाचारसम्बन्धी प्रकरणको फाइल खोल्दै जाने बताउनुभयो ।

कार्यक्रममा सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले सरकारले गरेका कामबाट कार्यकर्ता र जनतामा उत्साह छाएको बताउनुभयो । सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सरकार दृढताका साथ लागिपरेको उहाँको भनाइ थियो ।

**सरकार मेरा लागि ठूलो कुरा होइन, भ्रष्टाचार निर्मूल गर्छु : प्रधानमन्त्री दाहाल**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर रूपमा प्रस्तुत भएकाले कुनै पनि प्रकारको सम्झौता नगरिने स्पष्ट पार्नुभएको छ । पूर्वमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का दिवङ्गत नेता धनिराम (डिआर) पौडेलको चौथो स्मृति दिवसका सन्दर्भमा बुधबार पार्टी कार्यालय पेरिसडाँडामा आयोजित स्मृति कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहालले सरकार सुशासन कायम गर्न दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कतिपयले आशङ्का गरेको देख्छु, सरकार कतै झुक्छ कि सम्झौता गर्छ कि भन्ने । तर, प्रष्ट रूपमा भन्छु सरकार मेरा लागि ठूलो कुरा होइन । ठूलो कुरा सुशासन हो, जनताको सेवा गर्नु हो ।" भ्रष्टाचार निर्मूल पार्न सरकार दृढतापूर्वक अगाडि बढ्ने विश्वास दिलाउँदै उहाँले कहीं सम्झौता नहुने र नझुकिँदैन प्रतिबद्धता व्यक्त गर्नुभयो । नयाँ परिस्थितिमा कम्युनिस्ट आन्दोलन अगाडि बढाउन आफूहरू क्रियाशील रहेको जनाउँदै अध्यक्ष दाहालले समाजवादी क्रान्ति सम्पन्न गर्न आफूहरू समाजवादी मोर्चा बनाउने प्रक्रियामा केन्द्रित भएको बताउनुभयो ।

डिआर पौडेलको आकस्मिक निधनबाट पार्टीलाई अपूरणीय क्षति भएको उल्लेख गर्दै उहाँले आफ्नो जिम्मेवारीलाई पौडेलले निरन्तर पूरा गर्दै आएको स्मरण गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "उहाँलाई जनताको बीचमा स्थापित गराउन मैले शिक्षामन्त्रीको जिम्मेवारी दिएको थिएँ । उहाँले आफ्नो जिम्मेवारीमा राम्रो पनि गर्नुभयो ।"

पछिल्लो समय आन्दोलनका उपलब्धिमाथि प्रहार भइरहेको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक भनिएका शक्तिहरू अलोकतान्त्रिक र निकृष्ट व्यवहारमा उत्रिएका बताउनुभयो । "यसका विरूद्ध सङ्घर्ष गर्दै आन्दोलनका उपलब्धिको रक्षा गर्ने जिम्मेवारी हाम्रो काँधमा छ ।

कम्युनिस्ट मात्रै इमानदार र सक्षम हुन्छन् भन्ने पुष्टि गर्नुछ, तसर्थ सरकारको मोर्चालाई सामाजिक न्याय, सुशासन र समृद्धिको पक्षमा अधिकतम सदुपयोग गर्नुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले हरहालतमा सरकारलाई सफल बनाउनु सबैको दायित्व भएको बताउनुभयो । समृद्धिको यात्रालाई तीव्र पार्नुपर्नेमा जोड दिँदै उहाँले जनआकाङ्क्षा पूरा गर्न वर्तमान सरकार सफल हुनुपर्ने दाबी गर्नुभयो ।

"माओवादीको नेतृत्वमा सञ्चालित जनयुद्धको बलमा राजनीतिक परिवर्तन भयो, तर आर्थिक सामाजिक रुपान्तरण हुन सकेको छैन", उहाँले भन्नुभयो, "ऐतिहासिक राजनीतिक परिवर्तनले निर्देश गरेको र जनताले अपेक्षा गरेको सामाजिक आर्थिक रुपान्तरणको अनुभूति भएको छैन, केही उपलब्धि भएका छन् तर जुनस्तरको हुनपर्थ्यो, त्यसो हुनसकेको छैन, यसलाई वर्तमान सरकारले सार्थक बनाउनेछ ।"रासस

# 'चेन अफ कमान्ड' भन्दा बाहिर सुरक्षा प्रणाली चल्न सक्दैन : गृहमन्त्री श्रेष्ठ



काठमाण्डु । उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रणाली चेन अफ कमान्डभन्दा बाहिर गएर चल्न नसक्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "चेन अफ कमान्डलाई कमजोर गरेर सुरक्षा निकाय परिचालन हुन सक्दैन । अहिले चेन अफ कमान्डलाई सुस्पष्टरूपमा सुदृढ तुल्याइएको छ ।"

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको बुधबारको बैठकमा उहाँले शान्तिसुरक्षा आम नागरिकसँग मात्र सम्बन्धित नभई राजनीतिक परिवर्तनको औचित्य र दिगोपनसँग जोडिएको विषय हो भन्नुभयो । उहाँले मुलुकको भू-राजनीतिक संवेदनशीलता र राष्ट्रको सुरक्षा समेतलाई ध्यान दिएर शरणार्थीलगायतका विषयमा आवश्यक नीति लिइने जानकारी दिनुभयो ।

नक्कली भूटानी शरणार्थी प्रकरणमा प्रहरीले स्वतन्त्र, निष्पक्ष छानबिन र अनुसन्धान गरी अभियोजनका लागि अदालतमा पुऱ्याएको जनाउँदै उहाँले निर्धारित कार्य प्रक्रियाबाट अनुसन्धान बाहिर नगएको स्पष्ट गर्नुभयो । गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "कोही निर्दोष डराउन पर्दैन, दोषी र अपराधकर्ममा संलग्नलाई सरकारले छोड्दै भन्ने परेको छ भने त्यो ठीक हो । तर निर्दोष कोही आतङ्कित हुन पर्दैन ।"

देशको परराष्ट्र र राष्ट्रिय सुरक्षा नीतिका सम्बन्धमा राष्ट्रिय एकता कायम गर्नुको साटो दलगत स्वार्थका आधारमा बोल्नु, आलोचना र व्यवहार गर्नु उपयुक्त नहुने बताउँदै उहाँले सार्वभौमिकता, राष्ट्रियहित र सुरक्षालाई कमजोर तुल्याउने कार्यमा कोही पनि संलग्न हुन नहुने धारणा राख्नुभयो ।

सशस्त्र प्रहरी बलको सीमा क्षेत्रको सङ्ख्या बढाउन कोसिस भइरहेको र समनिकटताका आधारमा छिमेकीसँग असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार पनि उत्तिकै दृढ रहेको गृहमन्त्री श्रेष्ठको भनाइ थियो । शान्ति सुरक्षा र अमनचयन सरकारको प्राथमिकताको विषय रहेको उल्लेख गर्दै उहाँले राष्ट्रिय एकता कायम गर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ भन्नुभयो ।

स्वतन्त्र परराष्ट्र नीतिका माध्यमबाट छिमेकी मुलुकसँग पारस्परिक हितका आधारमा असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार दृढ रहेको जनाउँदै उप्रप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय सुरक्षा प्रवर्द्धनका निम्ति राष्ट्रिय सहमति र एकतालाई केन्द्रविन्दुमा राखेर सरकारले काम गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकार राष्ट्रिय हित र एकतालाई केन्द्रविन्दुमा राखेर काम गर्न प्रतिबद्ध र सङ्कल्पबद्ध छ । यो व्यवहारमा लागू गर्न अरू सबैलाई पनि अपिल गर्छौं । यसमा अझै बढी ध्यान जान जरुरी छ ।"

जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारको आशय नभएको स्पष्ट गर्दै गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "ती कार्यालय खारेज भएका छैनन्, खारेज हुँदैनन् । निर्वाचन कार्यालय छुट्टै रहन्छ ।" निजामती कर्मचारीलाई दलगतरूपमा हेर्ने दृष्टिकोण आफैंमा घातक रहेको बताउँदै उहाँले राजनीतिक दृष्टिकोणका आधारमा कर्मचारीलाई कुनै विभेदको व्यवहार नगरिने स्पष्ट पार्नुभयो । सदस्यहरूको एक प्रश्नको जवाफमा गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "सरकार स्वेच्छाचारी बन्ने दिशातर्फ जाँदैन, लोकतन्त्रको पक्षमा दृढ रहन्छ । कमी कमजोरी सच्याउँदै अघि बढ्छ ।" नागरिकताको प्रमाणपत्र नपाएर पीडा भोगिरहेकालाई छिटोभन्दा छिटो नागरिकता उपलब्ध गराउन सरकार दृढ भए पनि अदालतको निर्णय मान्नै पर्ने बाध्यता रहेको हुँदा यसका विषयमा अदालतबाट छिटो सुनुवाइ होस् भन्ने सरकारको चाहना रहेको उहाँले स्पष्ट गर्नुभयो ।

यसअघि बैठकमा सदस्यहरूले सीमा क्षेत्रमा तैनाथ प्रहरीका चौकी भौतिक पूर्वाधारका हिसाबले कमजोर रहेको, सरकार परिवर्तनसँगै कर्मचारीको जिम्मेवारी हेरफेर गरिएको तथा जनता महँगीको मारमा परको तथा नागरिकता समस्याका कारण धेरै युवायुवती अप्ठेरोमा परेको भनी त्यस विषयमा सरकारको धारणा माग गर्नुभएको थियो । उहाँहरूले जनजीविका, सरकारी क्षेत्रमा देखिएको विसङ्गति र बेथिति, सुशासन तथा भ्रष्टाचार नियन्त्रणमा सरकारका कदम र सफलताबारे गृहमन्त्रीसँग जिज्ञासा राख्नुभएको थियो । रासस

# निःशुल्क उपचारको नीति प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ : मन्त्री बस्नेत

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले सबै अस्पतालमा दश प्रतिशत विपन्न र असहाय बिरामीका लागि निःशुल्क उपचारको नीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बुधबारको बैठकमा मन्त्री बस्नेतले संविधानमा मौलिक हकका रूपमा स्वास्थ्यको हकसम्बन्धी व्यवस्था भएकाले पैसा नभएर उपचार नपाएर अकालमा मृत्युवरण गर्नुपर्ने अवस्थामा कोही नागरिकलाई पनि पुग्न नदिन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो । उहाँले गर्मी बढेसँगै उत्पन्न हुने रोगको निदानका लागि उच्च सतर्कता अपनाइएको जानकारी दिनुभयो ।

मन्त्रीको जिम्मेवारी लिएपछि अस्पतालमा टिकटका लागि देखिने लाइन घटाउन अनलाइन टिकटको प्रबन्ध गर्नुका साथै थप काउन्टरको व्यवस्था गरिएको मन्त्री बस्नेतले जानकारी दिनुभयो । उहाँले स्वास्थ्य क्षेत्रको बजेट ४० प्रतिशत कटौती गर्ने राष्ट्रिय योजना आयोगले बनाएको सीमालाई बढाउन लगाइएको, विभिन्न अस्पतालमा उपयोगविहीन उपकरणलाई आवश्यकताका आधारमा अन्य अस्पतालमा वितरण गराइएकोलगायत प्रगति भएको उल्लेख गर्नुभयो ।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले तीन तहका सरकारअन्तर्गत रहेका स्वास्थ्य निकायमा जनशक्ति समन्वयमा समस्या भएको, स्वास्थ्य क्षेत्रमा जनशक्ति, लगानी र पूर्वाधारको अभाव हुँदा गुणस्तरीय स्वास्थ्य सेवा दिन चुनौती भइरहेको बताउनुभयो ।

मन्त्रालयका सहसचिव डा कृष्णप्रसाद पौडेलले लगानी, जनशक्ति र समन्वयलाई प्रभावकारी बनाउन नसक्दा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुन नसकेको बताउनुभयो । उहाँले मातृमृत्यु दर र बाल मृत्युदर घट्दै गए पनि यसमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार लक्ष्य हासिल गर्न चुनौतीपूर्ण भएको बताउनुभयो ।

बैठकमा सांसद्हरूले संविधानको मौलिक हकअनुसार सबै नागरिकले सहज स्वास्थ्य सेवा पाउनुपर्ने, स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी कार्यान्वयन हुनुपर्ने, स्वास्थ्य क्षेत्रमा सुशासन र गुणस्तर कायम हुनुपर्ने, थन्किएर रहेका स्वास्थ्य उपकरणको उपयोग हुनुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । समितिको बैठकमा स्वास्थ्य क्षेत्रको अवस्था, दादुरा/बर्नलगायत समस्या एवं चुनौतीका सम्बन्धमा छलफल भएको थियो । रासस

# समयानुकूल कानुन बनाउन र कार्यन्वयन गर्न मन्त्रालय प्रतिबद्ध छ : मन्त्री आचार्य

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले अपाङ्गता भएका व्यक्तिको हकअधिकार सुनिश्चित गर्न समयानुकूल कानुन बनाउन र कार्यान्वयन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय अपाङ्गता कोष, नेपालका लागि युरोपेली सङ्घको प्रतिनिधिमण्डल, नेपालस्थित नर्वेजियन दूतावास, सेभ द चिल्ड्रेनको सहकार्यमा युनिसेफले बुधबार यहाँ आयोजना गरेको 'अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी राष्ट्रिय सम्वाद'मा मन्त्री आचार्यले अपाङ्गता भएका व्यक्तिको सम्मान, संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न सरकारले विभिन्न कानुनी व्यवस्था गरेको जानकारी दिनुभयो । "अन्तर्राष्ट्रिय महासन्धिलगायत कानुनी व्यवस्थालाई व्यवहारिक रुपान्तरण गर्नको लागि मन्त्रालय प्रतिबद्ध छ", उहाँले भन्नुभयो ।

युनिसेफलगायत गैरसरकारी सङ्घसंस्थाले सरकार पुग्न नसकेको क्षेत्रमा पुगेर गरेका योगदानप्रति अभार प्रकट गर्दै मन्त्री आचार्यले आगामी दिनमा पनि मन्त्रालयसँग सहकार्य गर्ने अपेक्षा व्यक्त गर्नुभयो । अपाङ्गता भएका व्यक्तिको सम्मान, संरक्षणको लागि व्यक्तिको सोचमा परिर्वतन गर्न जरुरी रहेको उहाँको भनाइ थियो ।

अपाङ्गतासम्बन्धी नयाँ सोचको विकास, समस्या पहिचान र कार्यान्वयनको क्रममा भएका जटिलतालाई न्यूनीकरण गर्दै आगामी दिनमा दिशानिर्देश गर्न यस्ता कार्यक्रमको महत्व रहेको मन्त्री आर्चायले बताउनुभयो ।

अपाङ्गता भएका बालबालिकाले सामना गर्नुपर्ने चुनौतीबारे जानकारी दिनुका साथै उनीहरूको अधिकारमा समावेशीकरण गरी नवीनतम दृष्टिकोणको प्रवर्द्धन गर्ने उद्देश्यले सम्वाद कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा मन्त्रालयका सचिव सुमनराज अर्यालले तीनै तहका सरकारसँग समन्वय गरी निजी, गैरसरकारी संस्थालगायत सबै क्षेत्रसँग सामुहिक सहकार्य गरेर अपाङ्गता भएका व्यक्तिका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । व्यक्तिका आधारभूतआवश्यकता,लोककल्याण, सामाजिक न्यायलाई ध्यानमा राखी सरकारका क्रियाकलाप सञ्चालन हुनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा युनिसेफ प्रतिनिधि एल्के विस्चले अपाङ्गताको संरक्षण, प्रवर्द्धनमा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताको कार्यान्वयनप्रति आभार प्रकट गर्दै नेपालको संविधानमा मौलिक हकका रूपमा रहेका सामाजिक न्यायलगायतका अन्य व्यवस्था अपाङ्गता भएका व्यक्तिको हितअनुकुल रहेको बताउनुभयो । परिवार, समाजमा विभिन्न चुनौती खेप्दै आएका अपाङ्गता भएका व्यक्तिले कम रोजगारीका अवसर पाएकोमा यसलाई अभिवृद्धि गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । युनिसेफ, सामाजिक नीतिका प्रमुख उषा मिश्रले 'नेपालमा वर्तमान अवस्थामा अपाङ्गता भएका बालबालिकाको अवस्था कस्तो छ ?' भन्ने विषयमा प्रस्तुती गर्नुभएको थियो ।रासस

**जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.**

**कदमचौक, जनकपुर, – २ (धनुषा)**

**ऋणि श्री नन्द किशोर महराको नाउमा अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति : २०८०/०२/३२

जि.ध. गा.वि.स. विन्धि-६ परिवर्तित ज.उ.म.न.पा.-२३ बस्ने मोति महराको नाति, दुखी महराको छोरा तपाई नन्द किशोर महराले ज.उ.म.न.पा वडा नं. -१३ को सि.नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ जग्गा यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्थाको नाउँमा दृष्टीक बन्धक लिखित पारित गराई मिति २०६९/०७/०३ मा व्यवसाय संचालनको लागि रु.६,००,०००/- अक्षरेपी रु. छ लाख मात्र ऋण लिएकोमा सो ऋणको साँवा र व्याजको भाखा नाघी सकेकोले ऋण बुझाउनको लागि पटक -पटक लिखित र मौखिक ताकेता गरे पनि वास्ता नगरी अटेर गरी हालसम्म साँवा र व्याज नबुझाएको मा मिति २०८० वैशाख मसान्त सम्मको सावा रु.६,००,०००/- र भाखा नाघेको व्याज रु. १२,७१,१६५ अक्षरेपी रु वाह्र लाख एकहत्तरी हजार एक सय पैसठी मात्र दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र यस संस्थामा बुझाउने संस्थाको संचालक समितिको मिति २०८०/०२/२२ मा निर्णय भएकोले उक्त म्याद भित्र साँवा र व्याज यस संस्थामा बुझाउनु होला । अन्यथा तपाईले ऋण लिदाँ राखेको धितो सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम जग्गा लिलाम विक्रि वा अन्य व्यवस्था गरी यस संस्थाले ऋण र व्याज असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

**जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्थ लि**
**जनकपुरधाम–२ कदम चौक**

# संरचनागत सुधार र नीतिगत हस्तक्षेपका कारण प्रतिस्पर्धीहरूलाई उछिन्दै उन्नयनको बाटोमा भारतीय अर्थतन्त्र

एएनआई

नयाँदिल्ली । कोरोना महामारीका कारण थलिएको विश्व अर्थतन्त्र महामारीका अन्त्यसँगै उठ्ने प्रयासमा लागेका बेला भारतीय अर्थतन्त्रमा देखिएका आशाका किरण र भविष्यमा भारतले उज्ज्वल स्थान ओगट्नसक्ने प्रक्षेपण अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले गरेपछि भारतका निर्णयकर्ताहरूले सावधानीपूर्वक देशको अर्थव्यवस्थालाई चलायमान बनाउने प्रण गरे ।



प्रधानमन्त्री नरेन्द्र मोदीको साथ र सहयोगले उनीहरूलाई उत्साहित बनायो । उनीहरूले सतर्कतापूर्वक वित्तीय एवम् आर्थिक योजना तर्जुमा गर्दै तिनलाई तत्काल कार्यान्वयनको चरणमा पुऱ्याए । अहिले ती योजनाले परिणाम देखाएका छन् । हालै जारी गरिएको देशको अर्थतन्त्रको आकडामा सरकारी अनुमानभन्दा बढीले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)भएको छ।

सात प्रतिशतले जिडिपी विस्तार हुने सरकारी अनुमान सात दशमलव दुई प्रतिशत पुगेको छ । यो विस्तारले भारत उदीयमान अर्थतन्त्र भएका मुलुकको सूचीमा द्रुततर विकासको बाटोमा अघि बढेको स्पष्ट हुन्छ। कोभिड-१९ को महामारीपछि आफ्नो प्रतिद्वन्द्वी भारतको तुलनमा चीनले आफ्नो आर्थिक पुनरुत्थानमा खासै गति लिन सकेन।

अमेरिकी वित्तीय सेवा कम्पनी मोर्गन स्टेनलीले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार एक दशकभन्दा कम समयमा भारतको अर्थतन्त्रमा परिवर्तन भएको छ । भारतीय अर्थतन्त्रको सूक्ष्म विश्लेषण गरेको स्टेनलीको प्रतिवेदनले भविष्यमा पनि आर्थिक क्षमतामा उत्कृष्ट हुने प्रक्षेपण गरेको छ।

भूतपूर्व राजस्व सङ्कलन र विवेकपूर्ण खर्च, निर्यात र प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मा वृद्धि, अतुलनीय पूर्वाधार, विकासको गतिलाई रोकिन नदिन निरन्तरको निगरानी, नीतिगत हस्तक्षेप, मुद्रास्फीति नियन्त्रणको इमानदार प्रयासलाई भारतले आक्रमक रुपमा अघि बढाएको छ । सन् २०१३ कम नरेन्द्र मोदीले देशको शासन व्यवस्था सम्हालेपछि भारतमा परिवर्तन आएको र अर्थव्यवस्था पनि सबल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन भन्छ-विश्वका प्रतिष्ठित पाँच अर्थतन्त्रमध्ये सबैभन्दा द्रुत गतिमा भारतमा आर्थिक वृद्धि भइरहेको छ । दीर्घकालीन आर्थिक लक्ष्यहरूको रणनीति बनाउनेदेखि सुधारका उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, जसरी पनि देशको अर्थतन्त्रलाई उजिल्याएरै छाड्ने व्यक्तिगत आकाङ्क्षा र राष्ट्रको प्रगतिलाई नै आफ्नो सफलता मान्ने नेतृत्वको सोचले त्यो सम्भव भएको हो। स्थिर पुँजीको व्यवस्था र निर्यातमा भएको बढोत्तरी इर्ष्या गर्न लायक छ । रोजगारी अभियानमा स्वयम् मोदीले मोर्चा बनाएर अघि बढ्दा सफलता मिलेको छ। अस्थायी नै भए पनि एकैपटक ७० हजार युवाले रोजगारी पाएका छन् ।

सबै किसिमका व्यापारलाई सरकारको दायराभित्र ल्याएर अर्थतन्त्रको औपचारिकीकरणतर्फको सफल प्रयाससँगै मोदी सरकारले देशको करको आधारलाई फराकिलो बनाउने र जनतालाई आर्थिक रुपमा सबल बनाउन अघि सारेका प्रोत्साहन योजना, सामाजिक सुरक्षा, ऋण र वित्तीय सेवामा सहज पहुँच र व्यापारको वातावरण सुनिश्चितताले पनि व्यवसाय फस्टाएको छ। वैदेशिक लगानी बढेको छ। भारतले लगानीकर्ताहरूको लागि अनुकूल वातावरण बनाएको छ । गत वर्ष झण्डै आठ अर्ब अमेरिकी डलर एफडीआई इक्विटी प्रवाहसहित एफडीआईमा ८४ अर्ब ८० करोड डलर पुगेको छ। पूर्वाधार विकासलाई तीव्रता दिन ठूलो प्रयास गरिरहेको छ । एयरवेजदेखि रेलवे र रोडवेजसम्म, द्रुत विस्तार र स्तरवृद्धिले देशको बृहत् आर्थिक लाभांश बढाउन मद्दत पुगेको छ।

प्रतिवेदनअनुसार अर्थतन्त्रको डिजिटलाइजेशन भारी मात्रामा हुँदा अनियमिता रोकिएका छन्भने ढिलासुस्ती नियन्त्रणका संयन्त्र सक्रिय रहँदा व्यापारको वातावरणमा उत्साह थपिएको छ। डिजिटलाइजेसनका प्रयासले उनको लेनदेन ढाँचा बदलिएका छन् त्यसलाई अनुकरण गर्न खोज्ने देशहरूको सङ्ख्या बढिरहेको छ।

डिजिटलाइजेसनले सुदूर देशका व्यक्ति र संस्थाहरूलाई पनि सेवा-सुविधा प्रवाह गर्न प्रोत्साहन मिलेको छ। प्रतिवेदनअनुसार अर्थतन्त्रको डिजिटलाइजेशन भारी मात्रामा हुँदा अनियमिता रोकिएका छन्भने ढिलासुस्ती नियन्त्रणका संयन्त्र सक्रिय रहँदा व्यापारको वातावरणमा उत्साह थपिएको छ।

डिजिटलाइजेसनका प्रयासले उनको लेनदेन ढाँचा बदलिएका छन् त्यसलाई अनुकरण गर्न खोज्ने देशहरूको सङ्ख्या बढिरहेको छ । डिजिटलाइजेसनले सुदूर देशका व्यक्ति र संस्थाहरूलाई पनि सेवा-सुविधा प्रवाह गर्न प्रोत्साहन मिलेको छ।

भारतीय अर्थतन्त्रको सुदृढीकरणका निम्ति धेरै राम्रा परिवर्तन भएका, संरचनात्मक सुधार, सहयोगी नीति तथा कानुन, सुशासन नै आर्थिक वृद्धिको दिगोपन सुनिश्चित गर्ने मोदीमन्त्रलाई भारतले आत्मसात गरेकाले नै ठूलो उत्साहका साथ भारतीय बजारमा बहुराष्ट्रिय कम्पनी एप्पल इन्कदेखि गुगलसम्मका व्यापारिक प्रतिष्ठान लगानीका निम्ति आएका भारतीय उद्योग वाणिज्य महासङ्घका अध्यक्ष सुभ्रकान्त पाण्डा बताउँछन् ।

सरकारको दूरदर्शी विचार र प्रभावकारी कार्यान्वयनले भारतलाई उल्लेखनीय आर्थिक वृद्धि हासिल गर्ने बाटोमा अघि बढाएको उल्लेख गर्दै अध्यक्ष पाण्डा सन् २०३२ सम्ममा भारतको प्रतिव्यक्ति आय पाँच हजार दुई सय अमेरिकी डलर पुग्ने अनुमान गरिएको बताउँछन् ।

मोर्गन स्टेनलीले देशमा मुद्रास्फीति 'सौम्य र कम अस्थिर' रहने अनुमान गरेका छन्, जसले देशको लागि अवरोध-रहित वृद्धि मार्ग प्रशस्त गर्नेछ। भारतको उपभोग बास्केट पनि बढ्दै गएको छ र देश विवेकाधीन खर्चतर्फ द्रुत गतिमा अघि बढिरहेको छ। भारत निकट भविष्यमा विश्वकै सबैभन्दा आकर्षक लगानी गन्तव्य बन्ने विश्व अर्थतन्त्रको उच्च स्थानमा पुग्नेमा उनी ढुक्क छन् ।

# विश्वकप छनोटमा सुपरसिक्समा पुग्न नेपाललाई मौका

टुडे समाचारदाता

काठमाण्डु । सन् २०२३ को सुरुवाती महिनामा सानदार प्रदर्शनपछि नेपालले जिम्बावेमा असार ३ देखि सुरू हुने आइसिसी क्रिकेट विश्वकप छनोटमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य लिएको छ। आइसिसी विश्वकप क्रिकेट लिग-२ को अंक तालिकामा नेपाली टिम गत फेब्रुअरीसम्म खराब स्थितिमा थियो। अंक तालिकामा पुछारबाट दोस्रो स्थानमा रहेको नेपालको एकदिवसीय मान्यता समेत खतरामा परेको थियो।

तर फेब्रुअरीमा भारतका मोन्टी देसाई मुख्य प्रशिक्षक नियुक्त भएपछि भने नेपालले अद्भूत खेल देखायो। लिग-२ मा १२ खेल बाँकी थिए। १२ मध्ये कम्तिमा १० खेल जिते मात्र शीर्ष तीनमा परेर विश्वकप छनोटमा पुग्ने समिकरण थियो। नेपाली टिमले कीर्तिपुर स्थित त्रिवि मैदानमा हजारौं समर्थकका अघि सानदार प्रदर्शन गऱ्यो।

नेपालले कीर्तिपुरस्थित त्रिवि मैदानमा ८ खेल र युएईमा ४ खेल खेल्ने तालिका थियो। ११ मध्ये १० जित निकाल्दै विश्वकप छनोट नजिक पुगेको नेपालले १२औं खेलमा युएईविरूद्ध डिएलएस मेथडमा जित निकाल्दै जिम्बावेको टिकट पक्का गऱ्यो। नेपालले युएईमा एक खेल हार्दा त्रिवि मैदानमा भने सबै ८ खेल जित्यो।

यससँगै अहिले नेपाली टिम जिम्बावेमा छनोट प्रतियोगिता खेल्नका लागि पुगिसकेको छ। पछिल्लो समय उत्कृष्ट लयमा रहेको नेपाली टिमका विकेटकिपर ब्याट्सम्यान आसिफ शेख जिम्बावेमा राम्रो नतिजा ल्याउन केन्द्रीत हुने बताउँछन्।

'छनोट प्रतियोगितामा पुगेको कुरा अविश्वसनीय थियो,' शेखले आइसिसीसँग कुरा गर्दै भनेका छन्, 'इमानदारीपूर्वक भन्नुपर्दा १२ मध्ये ११ खेल जित्नु अप्रत्याशित थियो।' उनले अघि भने, 'यो एक टिमको प्रयास थियो, सबैले योगदान दिएका थिए। मलाई लाग्छ हामी क्रिकेटको साथ उत्कृष्ट यात्रामा छौं र हामी क्वालिफायरका लागि साँच्चै उत्साहित छौं। हामी लिग-२ मा पहिले खेलेका धेरै खेलहरूमा धेरै जित नजिक थिए र पछिल्ला खेलहरूमा वास्तवमै राम्रोसँग लड्यौं, यसले हामीलाई आत्मविश्वास दिएको छ।' नेपाली खेलाडी र उनीहरूका लाखौं फ्यानहरूले स्वीकार गर्छन् कि पछिल्ला खेलमा धेरै रन घरेलु समर्थनको जबरजस्त समर्थनमा आएको थियो। तर दक्षिण अफ्रिकाको भर्खरैको तयारी भ्रमणमा विदेशी कन्डिसनमा भिँज्ने चुनौतीहरू देखा परेको बेला आसिफलाई थाहा छ कि नेपाली क्रिकेटको पछिल्लो लयले नेपालको यात्रा अघि बढ्न सक्छ।

'हामीले नेपालमा पाएको समर्थन अविश्वसनीय थियो, अन्तिम खेलको लागि धेरै मानिसहरूको भिड जम्मा भएको थियो,' उनले भने, 'हामी समर्थकलाई मिस गर्न गइरहेका छौं। तर हामीलाई थाहा छ कि नेपालबाट उनीहरूले हामीलाई समर्थन गर्नेछन्। हामी जहाँ खेले पनि फरक पर्दैन, नेपाली जनता हामीसँग छन्, उनीहरूले नेपालबाट हामीलाई प्रोत्साहन गर्नेछन्।'

छनोट प्रतियोगितामा स्तरीय क्रिकेट खेल्न सके धेरै खेल जित्ने उनको विश्वास छ। 'खेल भएको एक दिन उत्कृष्ट क्रिकेट खेल्ने हो। त्यो दिन हामीले आफ्नो उत्कृष्ट क्रिकेट खेल्यौं भने जित्ने छौं भन्ने हामीलाई विश्वास छ,' उनले भने।

विश्वकपमा छनोटमा स्थान बनाए लगत्तै नेपालले घरेलु मैदानमा एसिसी प्रिमियर कप जित्दै एसिया कपमा स्थान बनायो। नेपालले सेप्टम्बरमा हुने एसिया कपमा भारत र पाकिस्तानसँग खेल्दैछ। मध्यक्रममा कप्तान रोहित पौडेलसँगै कुशल मल्ल र भीम सार्की रहेका छन् भने आसिफका दाइ आरिफ पनि पहिलो रोजाइमा मुख्य दाबेदार हुन्।

आसिफले कुशल भुर्तेलसँग ओपनिङ गर्नेछन् भने युवा अलराउन्डर गुलशन झाको उपस्थितिले टिमलाई बलियो बनाएको छ। पछिल्ला खेलमा उत्कृष्ट खेल देखाइरहेका झाले २०२१ को सेप्टेम्बरमा युएईविरुद्ध १५ वर्षको उमेरमा डेब्यू गर्दै एकदिवसीय क्रिकेट खेल्ने तेस्रो कान्छा खेलाडीको रेकर्ड बनाएका थिए। उनी नेपालले लिग-२ का पछिल्ला १२ खेलमा गरेको प्रदर्शन र एसिसी प्रिमियर कप च्याम्पियन बन्दा टिमका महत्वपूर्ण खेलाडी साबित बनेका थिए।

प्रशिक्षक देसाईले दिएको आत्मविश्वासका कारण नेपालले पछिल्लो समय उत्कृष्ट खेल देखाएको आसिफको भनाइ छ। 'जुन दिन देसाई सर कोचको रूपमा आउनु भयो, सँगै बसेर कुरा गऱ्यौ,' शेख सम्झन्छिन्, 'हामीसँगको भेटमा उहाँले १२ मध्ये १० खेल जित्न सक्ने बताउनु भएको थियो। त्यसपछि हामीले ११ खेल जित्यौं। उहाँको हामीप्रतिको विश्वासले यस्तो भएको हो। उहाँले एसिया कपमा छनोट हुनुअघि हामी सक्षम रहेको बताउनु भएको थियो।

उहाँ एक अद्भुत व्यक्ति हुनुहुन्छ, हामीलाई विश्वास दिलाउनु भएको छ कि हामी हरेक खेल जित्न सक्छौं।' जिम्बावेमा ब्याटिङको चुनौतीलाई पार गर्न सक्ने हो भने नेपाललाई सुपर सिक्समा पुग्ने ऐतिहासिक मौका छ। त्यसका लागि नेपालले आयोजक जिम्बावे तथा दुई पटकको विश्व विजेता वेस्ट इन्डिजसँगै अमेरिका र नेदरल्यान्ड्ससँग उत्कृष्ट खेल देखाउनु पर्नेछ। समूहका शीर्ष तीन टिम सुपर सिक्समा पुग्नेछन्। चारमध्ये दुई खेल जित्न सके सुपरसिक्स पुग्ने सम्भावना हुनेछ।



## नेपालको खेल तालिका

| | | |
|---|---|---|
| जिम्बावेविरूद्ध, | असार ३ | - हरारे स्पोर्ट्स क्लब |
| अमेरिकाविरूद्ध, | असार ५ | - ताकासिङ्गा क्रिकेट क्लब |
| वेस्ट इन्डिजविरूद्ध, | असार ७ | - हरारे स्पोर्ट्स क्लब |
| नेदरल्याण्ड्सविरूद्ध, | असार ९ | - ताकासिङ्गा क्रिकेट क्लब |


## नेपाली टिम

रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, कुशल मल्ल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, ललित राजवंशी, प्रतिश जिसी, अर्जुन साउद, किशोर महतो ।

# 'मृगौलाको सबैभन्दा ठूलो पत्थरी' निकाल्न श्रीलङ्काका चिकित्सक सफल

एएफपी

कोलम्बो । श्रीलङ्काका सैनिक चिकित्सकले ६२ वर्षीय अवकाशप्राप्त सैनिकको मृगौलामा रहेको विश्वकै सबैभन्दा ठूलो पत्थरी निकालेको श्रीलङ्काको सेनाले बुधबार जनाएको छ।



सेनाका अनुसार पूर्वसर्जेन्ट क्यानिस्टस कुन्जबाट निकालिएको पत्थरको तौल ८०१ ग्राम (२८.२५ औंस) थियो, जुन औसत पुरुष मृगौलाको तौलभन्दा पाँच गुणा बढी थियो ।

कून्जको मृगौलाको पत्थरी १३.३७ सेन्टिमिटर (५.२६ इन्च) लामो थियो । औसत मृगौला १० देखि १२ सेन्टिमिटर लामो हुन्छ । "जुन १ मा कोलम्बो आर्मी अस्पतालमा एक ठूलो शल्यक्रियामार्फत मृगौलामा रहेको अहिलेसम्मको विश्वको सबैभन्दा ठूलो पत्थरी निकालिएको थियो," सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । कून्जले स्थानीय स्वर्णवाहिनी टिभीसँग कुरा गर्दै सन् २०२० देखि पेट दुखेको र मुखको औषधिले सहयोग नगरेको बताए। उनले भने, "हालैको स्क्यान (परिक्षण) पछि मलाई शल्यक्रिया गर्न भनिएको थियो । म अहिले सामान्य महसुस गरिरहेको छु।"

गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सका अनुसार सन् २००८ मा पाकिस्तानमा एक बिरामीको मृगौलाबाट ६२० ग्राम पत्थर जम्मा भएको रेकर्ड गरिएको थियो।

गिनिज बुक अफ वर्ल्ड रेकर्ड्सले मान्यता दिएपछि अधिकारीहरूले बुधबार उक्त खोजको घोषणा गरेका हुन् ।

"हाम्रो लागि सबैभन्दा महत्वपूर्ण कुरा पत्थरी निकालेपछि मृगौलाले सामान्य रुपमा काम गरिरहनु हो र यसमा हाम्रो टोली सफल भएको छ," सेनाका सर्जन के. सुदर्शनले भन्नुभयो ।

मृगौलामा खनिज पदार्थ र लवण क्रिस्टलीकृत हुँदा रगतलाई फिल्टर गर्दा पत्थरी जम्मा हुन्छ।

यदि पत्थरीहरू धेरै ठूलो छन् भने नियमित सकुलेसनमा कष्टदायी पीडा हुन सक्छ र तिनीहरू अड्किएका छन् भने शल्यक्रिया को आवश्यकता पर्दछ।

# शीर्ष चिनियाँ र अमेरिकी कूटनीतिज्ञबीच फोन वार्ता

एएफपी

बेइजिङ । विश्वका दुई ठूला अर्थतन्त्रबीच तनाव तीव्र रूपमा बढेका बेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री छिन कङले बुधबार टेलिफोन वार्ता गर्नुभएको छ।

यो हालैको कूटनीतिक गतिविधिमा भएको उच्चस्तरीय वार्ता हो। विशेष गरी ताइवानलाई लिएर अमेरिका र चीनबीच द्वन्द्व हुने गरेको छ । बेइजिङले आवश्यक परे ताइवानलाई बल प्रयोग गरेर कब्जा गर्नसक्ने चेतावनी दिँदै आएको छ।

यसअघि अमेरिकी विदेशमन्त्रीको फेब्रुवरीमा हुने भनिएको नियोजित भ्रमण अचानक रद्द भएपछि आपसी मनोमालिन्यलाई शान्त पार्ने उद्देश्यले दुई देशका शीर्ष कूटनीतिज्ञले वार्ता गरेका हुन् ।

आगामी आइतबार अमेरिकी विदेशमन्त्री बेइजिङ पुग्दै हुनुहुन्छ । यो वर्षको प्रारम्भदेखि नै चीन र अमेरिकाबीचको सम्बन्ध नयाँ कठिनाइ र चुनौतीबाट गुज्रिरहेको चिनियाँ विदेशमन्त्रीले वार्तामा बताउनुभएको थियो ।

चिनियाँ विदेश मन्त्रालयका अनुसार राष्ट्रपति सी चिनफिङले अगाडि सारेको पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षलाई मान्य हुने सहयोगको सिद्धान्त अनुसार चीन-अमेरिका सम्बन्धलाई सुदृढ बनाउने चिनियाँ चाहना विदेशमन्त्रीले दोहोऱ्याउनुभएको थियो ।

अमेरिकी विदेश मन्त्रालयले पनि विदेशमन्त्री ब्लिन्केनले विश्व मामिलाका साथै आपसी सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने, द्वन्द्वबाट बच्ने तथा चीनसँगको संवाद र सञ्चारलाई खुला राख्ने विषयमा आफ्ना चिनियाँ समकक्षीसँग विचारविमर्श गर्नुभएको बताएको छ ।

# मृत घोषित महिला पाँच घण्टापछि बौरिदा

एएनआई

बाबाहोयो । चिकित्सकले मृत घोषणा गरेको पाँच घण्टापछि ७६ वर्षीया एक महिला जीवित भएकी छन् । इक्वेडोरको बाबहोयो सहरकी सेवानिवृत्त नर्स बेला मोन्टोयालाई चिकित्सकहरूले मृत घोषणा गरेपछि शवलाई 'कफिन'मा राखेर स्मृति सभा गरी अन्त्येष्टिका निम्ति समाधिस्थल लैजान उनका छोरासहित मलामीले कफिन उठाउँदा उनले भित्रबाट ढकढक्याएकी अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क सिएनएनले जनाएको छ।

इक्वेडरको स्वास्थ्य मन्त्रालयले ती महिलालाई हृदयाघात भएको बताएको छ । चिकित्सकले उनलाई मृत घोषणा गरेको विषयमा अनुसन्धान गर्ने जनाउँदै त्यस निम्ति प्राविधिक समिति गठन गरिएको एक विज्ञप्ति निकालेर बताएको छ। स्वास्थ्य मन्त्रालयको विज्ञप्तिअनुसार मोन्टोयालाई बाबाहोयोको मार्टिन इकाजा अस्पताको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो र पछि उनलाई मृत घोषणा गरिएको थियो।

# आफै ट्र्याक्टर चलाएर बेहुला कन्याको घर पुगेपछि ...

एएनआई

राजस्थान । राजस्थानको बारमेरमा एक जना किसानले आफ्नो छोराको विवाह अनौठो ढङ्गले गरेका छन् । दुलहीको घरमा खेत खनजोतमा प्रयोग हुने ट्र्याक्टरको ताँती लगाएर ती किसानले छोराको धुमधामसँग बिहे गराएका हुन् ।

आफ्नो लगनगाँठो कस्न जाँदा फगत एउटा ट्र्याक्टर लिएर गएका ती किसानले बुहारी लिन जाँदा भने ५१ वटा ट्र्याक्टरको जुलुस गराएका छन् । सोमबार बिहान बेहुला प्रकाश चौधरीको घरबाट ५१ किलोमिटर टाढा रहेको रोली गाउँतर्फ दुलही लिन गएको टोली देखेर गाउँभरका मानिस अचम्म मानेर हेरिरहेका थिए। अझ आश्चर्यको कुरा के भने दुलाहा आफैले ट्र्याक्टर चलाएका थिए ।



उनका पछिपछि ५० वटा ट्र्याक्टरको ताँती थियो । ट्र्याक्टरमा दुई सय जनाभन्दा बढी जन्ती थिए।

"मेरो विवाहमा जम्मा एउटा ट्र्याक्टर थियो, मैले छोराको लागि ५१ वटा ल्याएँ,"आफ्नो परिवारको मुख्य पेशा कृषि भएकाले किसानको पहिचान ट्र्याक्टर चलाएर बुहारी लिन छोरालाई निर्देशन दिएको स्पष्ट गर्दै दुलहा प्रकाशका बुवा भन्छन्। बाबुको निर्देशनअनुसार आफूले ट्र्याक्टर चलाएको र किसानको छोरालाई दुलही लिन जाँदा अन्य सवारी साधन चढ्नुपर्छ भन्ने नलागेको उनले बताए । शेरवानीमा सजिएका उनले रवाफिलो विवाह नरुचाएको एनएनआईलाई सुनाए ।

कन्या पक्षका मानिस दुलहा स्वयमले ट्र्याक्टर लिएर आएको खबर दुलही ममताको गाउँमा फैलिएपछि आश्चर्यचकित धेरै गाउँले प्रकाश र ट्र्याक्टरमा आएका उनका जन्तीलाई हेर्न धुइरिएका थिए। प्रकाशका पितासँग ३० वटा ट्र्याक्टर भएकाले जन्ती जान अरु सवारी साधनको जोहो नगर्ने बरु छिमेकी किसानका ट्र्याक्टर पनि माग्ने निर्णय गरेर थप २१ वटा ट्र्याक्टरमा जन्ती व्यवस्थापन गरिएको उनले बताएका छन्।

# विश्वकप छनोटअघिको वार्मअप खेलमा नेपाल पराजित

टुडे समाचारदाता

काठमाण्डु । आइसिसी एकदिवसीय विश्वकप छनोटअघिको वार्मअप खेलमा नेपालले पराजित भएको छ।

जिम्बावेको हारारेमा आज भएको खेलमा नेपाललाई युएईले ३ विकेटले पराजित गऱ्यो। नेपालले दिएको २७७ रनको लक्ष्य युएईले १ बल खेल्न बाँकी छदा ७ विकेटको क्षतिमा पूरा गऱ्यो।

युएईका लागि रोहन मुस्ताफाले ७८ रन जोडे। त्यसअघि पहिले ब्याटिङ गरेको नेपाल पनि १ बल बाँकी छदा अलआउट हुने क्रममा २७६ रन जोड्यो। नेपालका लागि आसिफ शेखले ५७ रन जोडे भने कुशल भुर्तेलले ३९ रन बटुले। कुशल मल्ल ४६ रन तथा आरिफ शेखले ३५ रन जोडे। अब नेपालले ओमानसँग दोस्रो वार्मअप खेल खेल्दैछ।

वार्मअप खेलपछि प्रतियोगिता सुरु हुनेछ। १० टिमले भाग लिने प्रतियोगितामा नेपाल समूह 'ए' मा छ। समूहमा नेपालसहित, दुई पटकको विश्व विजेता वेस्ट इन्डिज, आयोजक जिम्बावे, नेदरल्यान्ड्स र अमेरिका छन्।

समूह 'बी' मा श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र युएई रहेका छन्। नेपालले आफ्नो पहिलो खेल १८ जुनमा (असार ३) आयोजक जिम्बावेसँग खेल्नेछ। यस्तै नेपालले २० जुनमा (असार ५) अमेरिका, २२ जुनमा वेस्ट इन्डिज (असार ७) र २४ जुनमा (असार ९) नेदरल्यान्ड्ससँग खेल्नेछ।

पाँच-पाँच टिमको दुई समूहका लिग खेलपछि सुपर सिक्स हुनेछ। सुपर सिक्समा दुवै समूहका शीर्ष तीन-तीन टिम पुग्नेछन्।

सुपर सिक्समा एक समूहका तीन टिमले अर्को समूहका तीन टिमसँग खेल्नेछन्। जहाँ शीर्ष दुईमा पर्न सक्ने टिम आगामी अक्टोबर-नोभेम्बरमा भारतमा हुने आइसिसी विश्वकप क्रिकेटमा छनोट हुनेछन्।



हरियाली कृषक समूहले गरेको टमाटर खेती। एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशालामा सहभागी कृषकहरुले अभ्यासका लागि टमाटर खेती गरेका हुन्। तस्विर : रासस

# ‘अर्थतन्त्रलाई गति दिन लागिपरेको छु’

दैलेख । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको अर्थतन्त्रलाई गति दिनुपर्छ भनेर आफू लागिपरेको बताउनुभएको छ।



कुल शिरोमणि दासु स्मृति तथा अनुसन्धान प्रतिष्ठानले दाहाल बन्धुको उद्गमस्थल दुल्लुको दहमा बुधबार आयोजना गरेको कार्यक्रममा उहाँले सुशासन कायम गर्न र भ्रष्टाचार हुन नदिन आफ्नो ध्यान केन्द्रित भएको बताउनुभयो।

आफ्नो भारत भ्रमण मुलुकको आर्थिक सम्मुन्नतिका लागि सफल भएको उहाँको भनाइ छ। प्रधानमन्त्री दाहालले १० वर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने भारतको योजनाबाट नेपालले लाभ लिने बताउनुभयो।


दैलेख विभिन्न जातजातिको ऐतिहासिक थलो भएको उल्लेख गर्दै उहाँले दैलेखमा धेरै जातजातिका पुर्खाको बसोबास रहेको इतिहास पाइएको बताउनुभयो। प्रधानमन्त्री दाहालले यहाँको आर्थिक, सामाजिक, शैक्षिक विकास गर्नसके विश्व मानचित्रमा दैलेखको पहिचान देखिने बताउनुभयो।

आफूलाई सानोमा दाहाल बन्धुको पुर्खाहरू दैलेखबाट आएको भन्दा कौतुहल लाग्ने गरेको उहाँले स्मरण गर्नुभयो। “दाहालहरूको उद्गाम थलो पश्चिमको दैलेख भन्ने गर्थे, त्यतिबेला मलाई कौतुहल लाग्थ्यो, अहिले पुर्खाको थलोमा आइपुग्दा मलाई गर्व लागेको छ”, उहाँले भन्नुभयो।

उहाँले भाइबन्धुको एकतासँगै सिङ्गो राष्ट्रको एकता गर्ने आफ्नो पहिल्यैदेखिको सपना भएको बताउनुभयो । सो अवसरमा प्रधानमन्त्री दाहालले दासुको पहिलो सालिक अनावरण गर्नुभएको थियो। रासस

# लम्पी स्किनको प्रकोप, साढे नौ हजार पशु मरे

काठमाण्डु । गर्मीयाम सुरु भएलगत्तै मुलुकभर गाईभैँसीमा लम्पी स्किन रोगको प्रकोप व्यापकरूपमा फैलिएको छ।



चालु आर्थिक वर्षमा गत माघ महिनामा पहिलो पटक झापामा देखापरेको यस रोगको प्रकोपबाट हालसम्म नौ हजार चार सय १० गाई, गोरु र भैँसी मरेका छन् । यसैगरी, हालसम्म तीन लाख ५५ हजार छ सय ९८ पशु सङ्क्रमित भएका छन्। हाल यस रोगको प्रकोप देशभर ७३ जिल्ला फैलिएको छ।

यसको प्रकोप अझै बढ्ने क्रममा रहेको कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले जनाएको छ। यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा सङ्क्रमित पशुको सङ्ख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाइ भएको छ। साथै रोगको नियन्त्रण तथा रोकथाममा थप समस्या थपिएको छ।

विभागका वरिष्ठ पशु चिकित्सक डा मुकुल उपाध्यायका अनुसार लम्पी स्किन रोग पक्सभाइरिडिइ जातअन्तर्गतको क्याप्रिपक्स भाइरसका कारण पशुमा अत्यधिक सङ्क्रमण गराउने सीमाविहीन रोग हो । यस रोगले पशुको मृत्युका साथै दूध र मासु उत्पादनमा ह्रास ल्याउने, गर्भ तुहाउने, बाँझोपना सृजना गर्ने, छालाको गुणस्तर घटाउने गर्दछ।

यो रोग भैँसीको तुलनामा विशेषगरी गाई, गोरु तथा बाच्छाबाच्छीमा अत्यधिक सङ्ख्यामा देखापरेको छ र यो रोगको फैलिनेक्रम जारी छ। यो रोग विशेषगरी राजमार्ग तथा सहायक राजमार्गमा अवस्थित गाईवस्तु तथा खुल्ला चौरमा चरिचरन गर्ने गाईवस्तुमा बढी देखा परेको उहाँले बताउनुभयो।

**लम्पी स्किन रोग लागेपछि देखिने असर**

यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजननयोग्य साँढेको सिमेनबाट साथै लामखुट्टे, झिँगा, किर्ना, भुसुनाको टोकाइबाट पनि सर्ने गर्दछ। यो रोग लागेका पशुमा १०५ दशमलव ८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा एकदेखि पाँच सेमीसम्म वा अझै ठूलो गाँठोहरू देखापर्ने, मुख, नाकको फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठोहरू देखिने, लङ्गडोपना, थुनेलो हुने, बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन्।

देशभर महामारीका रूपमा फैलिरहेको लम्पी स्किन रोगबाट सङ्क्रमित तथा मृत्यु भएको पशुहरूको विवरण, यस रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि सेवा विभागले सबै प्रदेशका पशुपन्छी हेर्ने मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पताल, तालिम केन्द्र तथा पालिकाहरूसँग छलफल गरिरहेको वरिष्ठ पशुचिकित्सक डा उपाध्यायले जानकारी दिनुभयो।

यस रोगको प्रकोपबाट सबैभन्दा बढी कर्णाली प्रदेशमा चार हजार सात सय ७५ पशु मरेका छन् भने त्यसपछि सुदूरपश्चिममा दुई हजार सात सय ४७, कोशीमा एक हजार एक सय ३२, गण्डकीमा तीन सय ३०, बागमतीमा दुई सय ८१, लुम्बिनीमा एक सय १०, मधेस प्रदेशमा ३५ पशु मरेको विभागको तथ्याङ्क छ । सङ्क्रमित पशुहरूमा औषधि र शक्तिबर्द्धक खानेकुराले निको हुने दर ३० प्रतिशत भएको विभागले जनाएको छ।

विभागले यो रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई आराम गराउने, प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुँडो वा नरम घाँस खान दिने, सक्खर पानी खुवाउने, गोठ वरिपरि सफा राख्नेलगायतका सुझाव दिएको छ।

**नेपालमा कहिले भित्रियो यो रोग**

नेपालमा विसं २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका-११ का गाईहरूमा लम्पी स्किन रोगका लक्षणहरू पहिलो पटक देखापरेको कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले जनाएको छ।

लक्षण देखा परेपश्चात् उक्त गाईहरूबाट नमूना सङ्कलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलिकुलर विधिबाट परीक्षण गर्दा २०७७ साल साउन ११ गते लम्पी स्किन रोग पुष्टि भएको प्रयोगशाला प्रतिवेदन प्राप्त भएको थियो। यसरी रोग पुष्टि भएपछि सो रोगको सूचना विश्व पशु स्वास्थ्य सङ्गठनमा पशु स्वास्थ्य सूचना प्रणालीमार्फत गरेको थियो।

यस लगत्तै गत असार महिनामा नै चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौँडा नगरपालिमा यो रोग देखिई धेरै जिल्लाहरूमा फैलिएको थियो। रासस

# इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा राख्ने तयारी अघि बढाइँदै

काठमाण्डु। लामो समयको अन्यौलका बीच इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा प्रयोग गर्ने सरकारको निर्णयपछि त्यसको कार्यान्वयका लागि तयारी अघि बढाइएको छ।

यातायात व्यवस्था विभागले सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अङ्ग्रेजी, नेपाली र मिश्रित भाषामा छाप्नका लागि आवश्यक तथ्याङ्क सङ्कलनको काम अघि बढाएको छ। गत चैत २१ गतेको मन्त्रिपरिषद्को बैठकले इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा राख्ने निर्णय गरेको थियो । केही वर्ष पहिलेदेखि नै इम्बोस्ड नम्बर प्लेट नेपालीमा हुनुपर्ने माग भाषाविद्, सांसदलगायत सबै पक्षबाट हुँदै आएको थियो।




देशभरका जम्मा सवारी साधनलाई कति नेपाली, कति अङ्ग्रेजी र कति मिश्रित भाषामा नम्बर प्लेट चाहिन्छ भनी तथ्याङ्क सङ्कलन भइरहेको विभागले जनाएको छ । कुन प्रकारका सवारी साधन कति छन् र सेवाग्राही कुन भाषा चाहन्छन् भन्ने बुझेपछि जडानले गति लिने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताउनुभयो।

दुईपाङ्ग्रे, चारपाङ्ग्रे हलुका र चारपाङ्ग्रे हेभी गरी तीन किसिमका सवारी साधन रहेका छन् । यिनलाई फरक आकारका नम्बर प्लेट आवश्यक हुने प्रवक्ता पनेरुले बताउनुभयो । कस्तो सवारी साधनका लागि कति सङ्ख्यामा नम्बर प्लेट चाहिने भनी यकिन गरिने उहाँले बताउनुभयो । सरकारले नेपाली भाषामा छाप्ने भनी निर्णय गरेपछि कसरी गर्न सकिन्छ भनी छुट्याउने काम भइरहेको प्रवक्ता पनेरुले बताउनुभयो । तथ्याङ्क आइसकेपछि आपूर्तिकर्ता कम्पनीलाई यस्ता खालका नम्बर प्लेट यतियति आवश्यक पर्छ भन्न सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “त्यसपछि यो काम अघि बढ्न सक्छ।”

देशभरका सवारीसाधन दर्ताको तथ्याङ्क विभागसँग नभएकाले अहिले प्रदेशअन्तर्गतका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन भइरहेको छ। कुन प्लेट कति चाहिन्छ भनी अनुमानको भरमा छाप्न नमिल्ने हुँदा पहिले यकिन तथ्याङ्क विवरण खोजिएको उहाँको भनाइ छ।

जम्मा २५ लाख नम्बर प्लेछ छापिने र त्यसमा कतिले अङ्ग्रेजीमा छाप्ने कतिले नेपाली र कति मिश्रित भनेर पहिले बुझेर मात्रै छाप्नुपर्ने प्रवक्ता पनेरुले बताउनुभयो। अनुमानको भरमा छाप्न दिने नभएकाले यस विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “निर्णय हुँदा समग्र रूपमा भए पनि कुन तरिकाबाट गर्ने भनी योजना बनाउन केही समय लाग्नेछ।”

पहिले सवारीको प्रकार पत्ता लगाएपछि कुन भाषमा कति छाप्ने भनी तथ्याङ्क सङ्कलन हुने विभागले जनाएको छ । मन्त्रालयले एकै प्रकारको (नेपाली, अङ्ग्रेजी वा मिश्रित) भनी निर्णय गरेमा त्यही आधारमा गरिने र नभए कति सेवाग्राहीले कुन भाषामा छाप्ने छानेपछि सोही आधारमा गरिने उहाँले बताउनुभयो । एकै थरी गर्ने हुँदा त्यही अनुरुप काम गर्न सकिने भए पनि विकल्प हुँदा कसले कुनमा छाने भनी बुझ्न समय लाग्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “कसरी गर्ने भनी छलफल भइरहे पनि निर्णय हुन सकेको छैन।”

यस अघि सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरिसकेका सेवाग्राहीको अङ्ग्रेजी नै कायम हुनेछ। लगानी गरिसकेकाले त्यसमा परिवर्तन नहुने उहाँले बताउनुभयो । नम्बर प्लेट जडानका लागि बुझाउनुपर्ने राजस्व बढी रहेकाले त्यो कम हुनुपर्ने माग नागरि कस्तरबाट उठ्ने गरेको छ। राजस्वको विषय ऐनमा उल्लेखित विषय भएकाले यसको विषयमा संसद्बाट निर्णय हुनसक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “अहिलेसम्म कुनै निर्णय भइसकेको छैन।”

पुरानो ठेक्काबाट काम गर्दा थप आर्थिक भार नपर्ने गरी कुरा भइरहेको विभागले जनाएको छ। आपूर्तिकता कम्पनी पनि यसमा सकारात्मक रहेको पाइएको छ । इम्बोस्ड नम्बर प्लेट जडानका लागि सम्झौता भएको सात वर्ष बित्दासमेत जडानको काम सुस्त छ । कहिले अदालतमा मद्दाका कारण, कहिले कोभिड त कहिले भाषाको विबादका कारण उच्च सुरक्षासहितको सवारी साधनमा प्रयोग हुने नम्बर प्लेट कार्यान्वयन सुस्त भएको हो। विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो।

कम्पनीसँगको सम्झौताको अवधि सकिएपछि विभागले थप्दै आएको छ । प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारी साधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ । विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख थियो। आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो।

सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आबद्ध गराउन र सवारी साधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ।

नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख भएकामा उपकरणसहित कारखाना चालू अवस्थामा छ । ‘स्टिकर’ वा ‘ट्याग’ जडित सवारी साधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा गेट निर्माण गर्ने सम्झौतामा उल्लेख थियो । काठमाडौँ उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ र जोरपाटी तथा उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर र अत्तरियामा गेट जडान गर्ने सम्झौता रहेकामा कतिपय स्थानमा जडान भएको छ भने कतिपय स्थानमा हुँदैछ।

संविधानअनुसार देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै विसं २०७४ फागुनमा रिट दर्ता गरिएको थियो। सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थिया।

उक्त मुद्दामा रिट खारेज गरेपछि पुनः अघि बढाउन बाटो खुलेको थियो । अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारवाहन सम्झौता भएकाले अङ्ग्रेजी भाषाको प्रयोग अनुपयुक्त नहुने मन्त्रालय र विभागले बताउँदै आएका थिए । आमनागरिक, सांसद र भाषाविद्हरूले भने नम्बर प्लेटमा नेपाली भाषाको प्रयोगको माग गर्दै आएका थिए। भाषाविद्हरूले सरकार परिवर्तन हुना साथ प्रधानमन्त्री र भौतिक पूर्वाधारमन्त्री भेटेर यसको माग गर्दै आएका थिए। रासस

# बाह्र जनाको नामबाट ६३ वटा खाता खोलेर अवैध कारोबार

काठमाण्डु । विश्वमा सञ्चालन हुने विभिन्न खेल तथा अनलाइन गतिविधिमा सट्टेबाज (जुवा) खेल्न प्रयोग हुने ‘वान एक्स बेट’मार्फत एकै व्यक्तिले रू ६४ करोडको अवैध कारोबार गरेको फेला परेको छ।



काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालका अनुसार कैलाली घर भई चाबहिल बस्ने दिनेश खड्काले विलाश थारु, तेजबहादुर खड्का, नवीन चौधरी, अनिता धितालको कागजात प्रयोग गरेर १२ जनाको नाममा खाता खोलेर सट्टेबाजको मुख्य एजेन्टकोरूपमा सक्रिय भएको पाइएको हो।

सट्टेबाजको रकम प्रयोग गर्न दिनेशले ६३ वटा खाता खोलेको भेटिएको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा मनोज केसीले जानकारी दिनुभयो । उहाँका अनुसार उनीसहित सट्टेबाजीको एजेन्टकारूपमा सक्रिय रहेका अन्य चार जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ । पक्राउपर्नेमा निज खड्का, अनिता धिताल, दीपेश श्रेष्ठ, दिनेश चन्द र आशिष लामिछाने छन्।

उनीहरूले सट्टेबाजमा रू ७४ करोड १३ लाख कारोबार गरेको पाइएको छ। आशिषले रू तीन करोड कारोबार गरेको फेला परेको छ भने दिपेशले रू पाँच करोड ५४ लाख कारोबार गरेको फेला परेको प्रहरी उपरीक्षक डा केसीले बताउनुभयो । उहाँका अनुसार आशिषको साथबाट प्रहरीले रू ३७ लाख बरामद गरेको छ । उनीहरूको साथबाट ल्यापटप, मोबाइल, सिमलगायत विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ।

कार्यालयले बरामद सामग्रीसहित उनीहरूलाई बुधबार सार्वजनिक गरेको हो । उनीहरूले क्रिप्टो करेन्सीको कारोबार गरेको प्रमाणसमेत फेला परेकाले राष्ट्र बैंक ऐन र जुवा ऐनबमोजिम मुद्दा अघि बढाउने तयारी प्रहरीले गरेको छ। रासस


## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बिरेन्द्रबजार, धनुषा, मधेश प्रदेश

## बोलपत्र स्वीकृतिको सूचना

**प्रकाशित मिति: २०८०।०२।३१**

यस कार्यालयबाट राष्ट्रिय दैनिक जनकपुर टुडे पत्रिकामा मिति २०८०।०१।०४ मा प्रकाशित निम्न निर्माण कार्यहरुको बोलपत्र आव्हानको सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्र मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल रकम (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1 | GCM/NCB/Works/27/2079-80 | Construction of Andheri khola motorable road bridge, GCM-5, Dhanusha | GREEN NEPAL-SHIV SHAKTI-RASHI J/V | 2,61,99,728.36 (Including PS) |

**प्रमुख प्रशासकीय अधिकृत**

# नागरिकताका लागि सत्याग्रहको घोषणा



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रीय नेता रामकुमार शर्माले नागरिकता विधेयक प्रमाणीकरण भए पनि नागरिकता नदिने षड्यन्त्र भइरहेको बताएका छन् ।

बुधबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी उनले नेपाली भएर पनि अनागरिक बनेका हजारौं युवाहरुको जीवन ध्वस्त पार्ने अधिकार कसैको नरहेको जिकिर गरे । प्रमाणीकरण भइसकेको विधेयक कानुन सरह लागु हुनुपर्ने र सर्वोच्च अदालतले हजारौं पीडित अनागरिकलाई न्याय दिनुपर्ने माग उनले गरे ।

एक साताभन्दा बढी समयदेखि काठमाण्डुको माइतीघर मण्डलामा नागरिकता पाउनुपर्ने माग गर्दै आन्दोलनरत अनागरिकहरुको आन्दोलनमा एक्बद्धता रहेको जानकारी दिंदै नेता शर्माले दुई दिन भित्र सुनुवाइ नभए आफू सत्याग्रहमा बस्ने चेतावनी दिए ।

लोकतन्त्रमा अन्तिम अस्त्रको रुपमा मानिएको सत्याग्रह मात्रै एक बाटो रहेको भन्दै उनले माइतीघर मण्डलामा असार १ गतेदेखि अनशन शुरु गर्ने बताए ।

नागरिकताविहीनहरुको पीडामा सहयोग गर्नुपर्छ सोंचेर सत्याग्रहमा बस्ने निर्णय लिएको उनले बताए । दुईटै सदनबाट पास भएको नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्दा राजपत्रमासमेत प्रकाशित भइसकेको अवस्थामा षड्यन्त्र गरी अदालतमा रिट हालेर नागरिकता वितरण रोकिएको प्रति उनले चिन्ता व्यक्त गरे ।

'नागरिकता नपाएकै कारण लाखौं युवा बेरोजगार बनेका छन् न त उनीहरु देशमै रोजगारी पाएका छन्,नत्र विदेश नै जान पाएका छैनन् । उनीहरु ठूलो समस्या भेलिरहेका छन् । त्यसैले अविलम्ब नागरिकता समस्या समाधान हुनुपर्छ । सर्वोच्च अदालतले पनि न्याय दिनुपर्छ।'

नेता शर्माले तत्काल नागरिकता समस्या समाधान नभए राष्ट्रिय एकतामाथि नै खतरामा पर्ने र देशमा द्वन्द्व सृजना हुने सम्भावना रहेको प्रति सरकारको गम्भीर ध्यानाकर्षणसमेत गराएका छन् ।

सर्वोच्च अदालतले नागरिकता विधेयक सम्बन्धी अल्पकालीन अन्तरिम आदेश जारी भए देखि नै पीडितहरु आन्दोलित रहेकोले सो आन्दोलन कुनै पनि बेला ठूलो आन्दोलनको आँधीबहेरीको रुपमा अगाडि बढ्न सक्ने संकेत गर्दै लाखौं अनागरिकको पीडा सरकारले बुझिदिनुपर्ने धारणा राखे ।

# बस्ती जोगाउन खोला च्यानालाइज



**टुडे समाचारदाता**

कलैया । निजगढ नगरपालिकाले बस्ती जोगाउन बकैया खोलालाई च्यानालाइज गरेको छ । विपद् व्यवस्थापन समितिबाट निर्णय गराएर नगरपालिकाले बकैया खोला आसपासका बस्ती जोगाउन खोला च्यानालाइज गरेको छ ।

चुरे क्षेत्रसँग जोडिएको बागदेव, मोहरी भएर बग्ने बकैया खोलाको माथिल्लो तटीय क्षेत्रको भूभाग साँगुरो हुँदा हरेक वर्ष बाढीले सो क्षेत्रमा कटान गर्दै आएको छ ।

माथिल्लो क्षेत्रमा हुने कटानका कारण तल्लो क्षेत्रका वन जंगल र बस्तीमा बाढी पस्ने समस्या समाधानका लागि नगरपालिकाले विपद् व्यवस्थापन समितिको सहयोगमा खोला च्यानालाइज गरिएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए ।

उनले वर्षा याममा खोलाले धार परिवर्तन गरी बस्तीतर्फ बाढी पस्ने जोखिम देखिएकाले प्राविधिक अध्ययन प्रतिवेदनका आधारमा २ स्थानबाट च्यानलाइज गर्न अनुमति दिइएको बताए ।

यता निजगढ नगरपालिकाले खोला च्यानालाइज गर्दा तटबन्ध गरेर बाँकी रहेको नदीजन्य पदार्थ काठमाण्डु/तराई मधेश द्रुतमार्ग आयोजनालाई बिक्री गरेको छ । नगरपालिकाले प्रतिघनफिट भ्याटबाहेक ४ रुपैयाँ ५० पैसामा आयोजनालाई बिक्री गरेको छ ।

वर्षेनी १४ देखि १६ करोडमा खोलाजन्य पदार्थको बन्दोबस्ती ठेक्का लगाउँदै आएको निजगढले यस वर्ष खोलाको ठेक्का लाग्न नसकेपछि जेठ दोस्रो सातादेखि च्यानलाइज सुरु गरेको छ ।

विपद् व्यवस्थापन समितिको निर्णयमार्फत् जोखिममा परेका वस्तीहरु जोगाउन खोला च्यानालाइज गरेको नगरपालिकाले जनाएको छ ।

निजगढ नगरपालिकाका नगरप्रमुख सुरथ पुरीका अनुसार नदीजन्य पदार्थ उत्खनन नगर्दा बस्ती र वन दुवैतिर क्षति हुने अवस्था देखिएको ठाउँहरुमा जिल्ला अनुगमन समिति र विपद् व्यवस्थापन समितिको अनुगमनपछि स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय गरेर च्यानलाइज सुरु गरिएको छ ।

वैधानिक रुपमा खोलाको ठेक्का लाग्न नसकेपछि समस्या भएका केही ठाउँहरुबाट नदीजन्य पदार्थ निकालिएको नगरप्रमुख पुरीले स्वीकारे । नगरपालिकाले वैशाख १९ गते ४ ठाउँबाट नदीजन्य पदार्थ निकाल्ने निर्णय गरे पनि जिल्ला विपद् व्यवस्थापन समितिले वैशाख २८ गते बैठक बसेर तत्कालका लागि २ ठाउँमा मात्रै अनुमति दिएको थियो ।

यसै क्रममा निजगढको कछडिया वस्तीको उत्तर पश्चिम र निजगढ १० को लाल जाने झोलुङे पुलको दक्षिणतर्फको भागबाट नदीजन्य पदार्थ निकाल्ने निर्णय थियो ।

समितिको निर्णयपछि च्यानलाइज गरेर बाँकी रहेको नदीजन्य पदार्थ राष्ट्रिय गौरवको आयोजना काठमाण्डु-तराई/मधेश द्रुतमार्गलाई बिक्री गर्ने निर्णय गरेको नगरप्रमुख पुरीले बताए ।

बकैया खोला च्यानलाइजको काममा द्रुतमार्ग आयोजना निर्माणको जिम्मा पाएको नेपाली सेना र चिनियाँ ठेक्का कम्पनीको ४ वटा एक्साभेटर र १० वटा टिपर बिहानदेखि साँझसम्म प्रयोग गरिएको छ ।

नगरप्रमुख पुरीले भने, 'हामीले नदीजन्य पदार्थ निकालेर बेच्ने उद्देश्य भन्दा पनि विपत्बाट जोगिने उद्देश्यले च्यानालाइज गरेका हौं । खोलाको धार परिवर्तन गर्ने मात्रै हाम्रो उद्देश्य होइन ।'

# मधेश प्रदेशमा बजेट अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८०/०८१ को बजेट ल्याउने अन्तिम तयारीमा जुटेको छ ।

बजेटमा योजनाहरु समावेश गराउन अहिले सभासदहरुको बाक्लो भीड मधेश भवन भित्र देखिएको छ । योजनासहित बजेट माग्दै मधेश भवनमा रहेका मन्त्री आवास भित्र सभासदहरुको भीडभाड हुन थालेपछि मन्त्रीहरुले बजेटको काम अर्थ मन्त्रालयमा पुगिसकेको भन्दै पन्छिने गरेका छन् ।

असार १ गते सरकारले प्रदेश सभामा बजेट प्रस्तुत गर्ने छ । देशको ७ वटै प्रदेशले एकै दिन प्रदेश सभामा बजेट प्रस्तुत गर्नुपर्ने वैधानिक प्रावधान छ ।

प्रदेश सरकारले ३५ अर्बको बजेट ल्याउने तयारी गरेको छ । अर्थ मन्त्रालयहरुले अन्य मन्त्रालयहरुलाई दिएको बजेटको सिलिंग भित्र रहेर बजेट बनाउन भनेपनि कतिपय मन्त्रालयले शीर्षकसमेत राखेर बढी रकमको बजेट बनाएको अर्थ मन्त्रालय सम्बद्ध स्रोतले जनाए ।

मन्त्रालयगत रुपमा बजेटको काम बुधबार राति नै सकिएको स्रोतले जनाए । मन्त्रालयहरुबाट प्राप्त भएको बजेटको बिहीबार अबेर रातिसम्म अर्थ मन्त्रालयले अन्तिम रुप दिनेछ ।

मन्त्रालयहरुमा योजना थप गराउन सभासदहरुले दबाब दिए पनि बजेट सार्वजनिक हुने क्रममा असन्तुष्टि बढने सम्भावना रहेको छ । दलका नेताहरु, सभासद, पालिकाहरु, प्रतिनिधि सभासदस्यहरु लगायतले दिएका सबै योजनाहरु समावेश गर्न असम्भव रहेको जनाउँदै अर्थ मन्त्रालय सम्बद्ध स्रोतले भने, योजना समावेश नहुने अथवा माग गरे अनुसारको रकम योजनामा नभए असन्तुष्टि व्यक्त हुनु स्वभाविक हो । तर अर्थ मन्त्रालयको आफ्नो बाध्यता रहेको उनले बताए ।

स्रोतहरुका अनुसार बजेटलाई सुत्रमा समावेश गर्न थप कर्मचारीहरुलाई परिचालन गरिएको बताइएको छ । सबै मन्त्रालयबाट सूचीकृत भइसकेका शीर्षक र रकमलाई अर्थ मन्त्रालयले बुधबार रातिदेखि बिहीबार रातिसम्म अन्तिम रुप दिनेछन् ।

मधेश प्रदेशमा करको दर अथवा अन्य कुनै निकासी पैठारी लगायतको दर निर्धारण भएर आर्थिक क्षेत्रमा ठूलो परिवर्तन आउने सम्भावना नदेखिएकाले आमनागरिकको प्रदेशको बजेटप्रति खासै चासो देखिदैन् ।

मधेश प्रदेशको बजेट पनि विकास निर्माणमा नै लाग्ने भए पनि प्रदेशवासीहरुको जनजीवनसित प्रत्यक्ष सरोकार राख्दैन् । प्रदेशको बजेटले महँगी घट्दैन् र महँगी बढदैन् पनि,प्रदेशको बजेट भान्सामा प्रवेश गर्ने प्रयाससमेत गरेको देखिदैन् ।

यद्यपि बेटी शिक्षा, दलित, सिमान्तकृतलाई राहत दिने काम प्रदेश वजेटले गर्नेछ । प्रदेशमा सडक, सिंचाई, पिउने पानी,स्वास्थ्य क्षेत्रमा बजेट पुग्नेछ ।

# तरकारी खेतीमा आत्मनिर्भर बनाउनुपर्ने माग

**टुडे समाचारदाता**

जनकपुरधाम।मधेशप्रदेशलाई तरकारी खेतीमा आत्मनिर्भर बनाउनुपर्नेमा वक्ताहरुले जोड दिएका छन् ।

भारतबाट आयात हुने तरकारीलाई रोक लगाएर गाउँगाउँमा उत्पादन हुने



तरकारीको प्रयोगलाई प्राथमिकता दिनुपर्ने उद्देश्यले बुधवार धनुषा बनिनिया स्थित हर्दिनाथ धान कार्यक्रमको कार्यालयमा एक कार्यक्रम आयोजना गरिएको थियो । नेपाल बागवानी प्राविधिक केन्द्रले आयोजना गरेको तरकारी बजारको अवस्था वारे अध्ययन गर्न आयोजित सो कार्यक्रममा वक्ताहरुले भारतबाट आउने तरकारीलाई निरुत्साहित गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका थिए ।

नेपाली किसानहरुलाई कृषिमा आकर्षित गर्न उद्देश्यले संघीय सरकारले आर्थिक वर्ष ०८०/०८१ बजेटमार्फत भारतबाट आउने तरकारी तथा फलफूलमा १३ प्रतिशत कर लगाएको विज्ञहरुको भनाइ थियो ।

कार्यक्रममा मधेश प्रदेशका ८ वटै जिल्लाका कृषि ज्ञान केन्द्रका प्रमुख र प्राविधिकहरुको सहभागिता रहेको थियो ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. नव्रता सिंहको अध्यक्षतामा भएको सो कार्यक्रममा राष्ट्रिय धानवाली अनुसन्धान कार्यक्रम हर्दिनाथका प्रमुख डा.रामवरण यादव, प्रह्लाद थापा, काशा नेपालका प्रतिनिधि मनिष विक्रम शाह, कृषि मन्त्रालयका रोशन मेहतालगायतका वक्ताहरुले मधेश प्रदेशमा तरकारी उत्पादनको अवस्था साना किसानले उत्पादन गरेका तरकारीलाई बजारीकरण कसरी गर्ने वारेमा चर्चा भएको थियो ।

स्वीस सरकारको आर्थिक सहयोगमा काशा नेपाल भन्ने गैर सरकारी संस्थाले मधेश प्रदेशमा उक्त कार्यक्रम संचालन गर्दै आएको छ ।

# मन्त्रीलाई सम्मान



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादवलाई सम्मान गरिएको छ ।

पतञ्जली योगपिठ नेपालका अध्यक्षसमेत रहेका नेपाली कांग्रेसका नेता ईञ्जिनियर शालीग्राम सिंह र मनरासिस्वा नगरपालिकाका मेयर मोहन पाण्डेयले बुधबार उनको निवासमा सम्मान गरेका छन् ।

उनीहरुले महोत्तरी जिल्लाका विकास निर्माणका विषयमा छलफल गर्नुका साथै जिल्लामा भौतिक पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गर्न आग्रह गरेको मन्त्री यादवको निजी सचिवालयले जनाएको छ ।

मधेश प्रदेशका आठ जिल्ला मध्ये महोत्तरीमा विकास निर्माणको कामलाई प्राथमिकतामा राख्न सिंहले मन्त्रीलाई आग्रह गरेको बताए ।

मनरासिसवा नगरपालिकामा पूर्वाधारको कमी रहेको र नगरपालिकासित बजेट सीमित रहेकाले अत्यावश्यक कतिपय कामहरु हुननसकेको तर्फ मन्त्रीको ध्यानाकर्षण गराइएको मेयर पाण्डेयले बताए ।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा) को नेतृत्वमा नेपाली कांग्रेससहितको ६ दलीय गठबन्धन सरकार छ । त्यसमा कांग्रेसबाट सरकारमा प्रदेश सभापतिसमेत रहेका यादवले नेतृत्व गरिरहेका छन् ।

# वडाध्यक्ष र सचिव अख्तियारको नियन्त्रणमा



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिका वडा नम्बर-२ का अध्यक्ष वुलन यादव र सचिव अमृतनारायण मिश्रलाई अख्तियारले नियन्त्रणमा लिएको छ ।

अध्यक्ष यादव र सचिव मिश्रलाई घुस रकम सहित पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता तथा सह-सचिव भोला दाहालले जानकारी दिएका छन् ।

अख्तियारको कार्यालय बर्दिबासबाट खटिएको टोलीले आरोपिहरुको साथबाट ७० हजार नगद बरामद गरेको छ । उनीहरू नगराइन चोकबाट पक्राउ परेका छन् । सडक निर्माणका लागि सिफारिस बनाइदिने प्रयोजनका लागि उनीहरूले घुस मागेको आरोप छ ।

मधेश प्रदेश सरकारको २५ लाखको बजेटबाट पोखरी स्थित दुर्गामन्दिर सडक, नाला र पोखरी सौन्दर्यकरणको उपभोक्ता समितिमार्फत भइ रहेको कार्यको सम्पन्नता सिफारिस वापत घुस दिइएको थियो ।

सो कार्यका लागि नगराइन नगरपालिकालाई पनि सिफारिस गर्न भनिएपछि त्यहाँ योजनाको नाम, बजेट, लगत स्टिमेट स्पष्ट नरहेको भन्दै कार्यसम्पन्नता सिफारिस दिइएको थिइन् ।

यस भन्दा पहिला पनि नगराइन नगरपालिका-५ मा ठाकुर पोखरीको सौन्दर्यकरणको लागि दिइएको बजेटमा सचिवले सम्पन्नताको सिफारिस दिन नमानेपछि कुटपिट गरिएको थियो । जसका कारण सम्पूर्ण नगरपालिका नै कर्मचारीहरुले ठप्प पारेका थिए ।

नगराइन नगरपालिका-२ का वडाध्यक्ष यादवले नगरपालिकाबाट प्राप्त हुने तलव भत्तासमेत नबुझ्ने गरेको स्रोतको दाबी छ । उनले प्राप्त गर्ने तलव भत्ता गरीब कोषमा राखेर गरिबलाई आपत विपद् आएको बेला सहयोग गर्ने गरेका थिए ।

गत स्थानीय तहको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) बाट बिजयी भएका वडाध्यक्ष यादव आफ्ना नगरपालिकाका सवै भन्दा लोकप्रिय वडाध्यक्षको रुपमा चिन्हिने गरेका छन् ।

# पानी वितरण

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रचण्ड गर्मीले आजित बनाइरहेका बेला " सबैलाई प्रेम गर घृणा कसैलाई " नगर मूल नाराका साथ पर्सा जिल्लाको मुख्य सडकमा वीरगञ्ज महानगरपालिका- १७ अलौं र १९ विन्दवासिनीसंग जोडिएको तिलावे पुलमा बुधबार पानी तथा सर्वत वितरण गरिएको छ।

तिलावे पुलमा बटुवा , यात्रु, रिक्सा र ठेला चालकहरुलाई निःशुल्क पानी सर्वत वितरण गरिएको छ ।

गर्मीबाट थोरै भए पनि राहत पुगोस् भनेर तिलावे पुलमा बटुवा, यात्रु ,रिक्सा , ठेला , अटो चालक गरी करीब दुई हजार एक सय जनालाई निःशुल्क सर्वत र चिसो पानी वितरण गरिएको अहमदिया संघ नेपाल बारा, पर्सा इन्चार्ज हासिन अहमदले बताए ।

सो कार्यक्रममा अहमदिया संघ नेपालका राष्ट्रिय अध्यक्ष सलिम अहमदलगायत संघका सदस्यहरूको सहभागिता रहेको थियो ।

# किसानको समस्या समाधान गर्न उपसमिति गठन




**टुडे समाचारदाता**

काठमाण्डु । उखु किसानका समस्या समाधान गर्न प्रतिनिधिसभाको समितिले उपसमिति गठन गरेको छ ।

प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बुधबार बसेको बैठकले पाँच सदस्यीय चिनी उद्योग तथा उखु किसानका समस्या समाधान र सुझाव उपसमिति गठन गरेको छ ।

समिति सचिव रामकुमार पौडेलले उखु किसान र उद्योगबीचका समस्या अध्ययन गरी समाधान गर्नका लागि समिति सदस्य कृष्णकुमार श्रेष्ठ संयोजक रहने गरी पाँच सदस्यीय उपसमिति गठन भएको जानकारी दिए ।

उपसमिति सदस्यहरुमा कान्तिका सेजुवाल, गणेश पराजुली, रामशंकर यादव र सूर्यमान दोङ तामाङ रहेको बताए । समितिलाई अध्ययन प्रतिवेदन तयार गर्नका लागि एक महिनाको समय दिइएको छ । समितिले उद्योगी व्यवसायीहरु सहितको छलफल गरेर अध्ययन प्रतिवेदन समिति बैठकमा पेश गर्ने कार्यादेश दिएको छ ।

उखु किसानहरु लामो समयदेखि आन्दोलनमा रहेकाले समितिले सम्बोधन गर्नुपर्छ भनेर उखु किसानहरुको मिल उद्योगले पैसा नदिएको भन्ने विषयमा अध्ययन गर्नका लागि एउटा उपसमिति बनाइएको छ ।

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

## तीब्र गतिमा मोटरसाइकल नचलाऔं

मोटरसाइकल दुर्घटना तथा मानवीय क्षति रोक्न सामुहिक प्रयास गरौं ।

१. मोटरसाइकल चलाउँदा अनिवार्य रुपमा गुणस्तरीय हेल्मेट प्रयोग गरौं ।
२. मोटरसाइकल स्टार्ट गर्दा साइड स्ट्यान्ड माथि सार्न नबिर्सौं ।
३. भीडभाड, ब्यस्त सडक तथा ग्रामिण बाटोमा गियर घटाएर विस्तारै मोटरसाइकल चलाऔं ।
४. जतिसुकै हतार भए पनि ओभरटेक वा पूरै सडक ओगटेर मोटरसाइकल नचलाऔं । सधैं आफ्नो साइडमा रहौं ।
५. ओभरटेक गर्नै पर्ने भए टर्न गर्दा इन्डिकेटर बाल्न नबिर्सौं ।
६. अनिवार्य रुपमा जुत्ताको प्रयोग गरौं । आवश्यकता अनुसार हात र खुट्टाको दुवै ब्रेक प्रयोग गरौं ।
७. उमेर नपुगेका तथा सवारी चालक अनुमति-पत्र नभएका व्यक्तिलाई मोटरसाइकल चलाउन नदिऔं ।
८. दुई जना भन्दा बढी व्यक्ति सवार रहेमा, उमेर नपुगेका बालबालिका चालक रहेको तथा अनियन्त्रित एवम् तीब्र गतिमा मोटरसाइकल चलाएको पाईएमा अविलम्ब रोकेर प्रहरीलाई खबर गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८